जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ • अंक ३०४ • २०८० साल चैत्र २० गते मंगलबार (2 April, Tuesday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

## २८ लाख सहित हुण्डी कारोबारी पक्राउ

**टुडे समाचारदाता**

मलंगवा । सर्लाही प्रहरीले हुण्डी कारोबार गरेको आरोपमा करिब २८ लाख रुपैयाँ सहित २ जनालाई पक्राउ गरेको छ। भारी परिमाणमा स्रोत नखुलेको रकमसहित उनीहरुलाई पक्राउ गरिएको छ।

प्रहरीले गोप्य सूचनाका आधारमा आइतवार २७ लाख ७५ हजार ९ सय ७० रुपैयाँ सहित उनीहरुलाई पक्राउ गरेको जनाएको छ।

पक्राउ पर्नेमा मलंगवा नगरपालिका-३ का २४ वर्षीय कमर राजा र लालबन्दी नगरपालिका-७, घरभई मलङ्गवा नगरपालिका-९, स्थित फोन सिटी मोबाइल पसल सञ्चालन गर्ने ४० वर्षीय आरिफ अन्सारी छन् । प्रहरीले कमर राजालाई नगद सहित पक्राउ गरेपछि उनले आरिफ अन्सारीको रकम रहेको वयान दिएको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार मलंगवा नगरपालिका-९ बाट १० लाख र लक्ष्मी सनराइज बैंकको खातामा ९ लाख ९० हजार जम्मा गर्ने २ वटा भौचरसहित उनीहरुलाई पक्राउ गरिएको छ।

जिल्ला प्रहरी कार्यालय सर्लाहीका सहायक सूचना अधिकारी प्रहरी निरीक्षक सविनकुमार कार्कीले राजालाई पैसासहित पक्राउ गरिएको छ। साथै राजासँग सोधपुछ गर्ने क्रममा उनले उक्त रुपैया अन्सारीको भनेपछि प्रहरीले अन्सारीको मोबाइल पसलमासमेत छापा मारेको थियो। पसलबाट स्रोत नखुलेको १७ लाख ७५ हजार ९ सय ७० रुपैयाँ थप बरामद भएको प्रहरीले जनाएको छ।

अन्सारीको मोबाइल पसलमा लुकाइएको अवस्थामा १ हजार दरका १ हजार ४ सय ५४ थान, ५ सय दरका ६ सय २२ थान, १ सय दरका १ सय ९ थान, ५० को एक थान र २० को १ थान नेपाली नोट बरामद भएको प्रहरीले जनाएको छ।

पक्राउ परेका राजा र अन्सारीले बरामद रकमको स्रोत बताउन नसकेपछि उनीहरुले अवैध हुण्डी कारोबार गरेको आशङ्कामा अनुसन्धान सुरु गरिएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रमुख एसपी दयानिधि ज्ञवालीले जनाएका छन्।

दुवैलाई जिल्ला प्रहरीको हिरासतमा राखेर अनुसन्धान भइरहेको उनले बताए। उनीहरुलाई प्रहरीले आइतबार नै पक्राउ गरेको भए पनि सोमबार बिहानमात्र पत्रकार सम्मेलन गरेर सार्वजनिक गरिएको छ।

सीमावर्ती भारतीय बजारमा नेपाली रुपैयाँमा कारोबार हुने र पछि बिभिन्न माध्यमबाट नेपाली रुपैयाँ नेपाल भित्र्याइने गरिएको छ।

# पूर्व मन्त्रीले कर्मचारी कुटेको आक्रोश

**● कर्मचारी आन्दोलित ● कारबाहीको माग ● पूर्वाधार विकास कार्यालय ठप्प**

**टुडे समाचारदाता**

राजविराज । सप्तरी जिल्लामा मधेश प्रदेशका पूर्व शिक्षा तथा संस्कृति मन्त्री महेश प्रसाद यादवविरुद्ध कर्मचारीहरु आन्दोलित भएका छन् । मन्त्री यादवले पूर्वाधार विकास कार्यालयका प्रमुखमाथि दुर्व्यवहारको विरुद्धमा कर्मचारीहरु आन्दोलनमा उत्रेका छन् ।

कार्यालय प्रमुख प्रवीण प्रताप अधिकारीमाथि प्रदेश साँसदको टोलीद्वारा हातपात र दुर्व्यवहार भएको भन्दै उनीहरु सोमवार कार्यालयको कामकाज ठप्प पार्दै आन्दोलनमा उत्रेका छन् ।



आन्दोलनरत कर्मचारीहरुले प्रमुख जिल्ला अधिकारी किरण थापालाई सोमवार ध्यानाकर्षण पत्र बुझाउँदै कारवाहीको माग गरेका छन् । जनमत पार्टीका तर्फबाट प्रदेश साँसद रहेका यादव, मो.सकिल अली, शम्भु प्रसाद साह लगायतको नेतृत्वमा रहेको टोलीले आइतवार कार्यकक्षमै पुगेर कार्यालय प्रमुख अधिकारीमाथि हातपात र दुर्व्यवहार गरेको विरुद्धमा आन्दोलनमा उत्रेका कर्मचारीहरुले जनाएका छन् ।

प्रमुख जिल्ला अधिकारी थापालाई कर्मचारीहरुको तर्फबाट बुझाइएको पत्रमा हातपात र दुर्व्यवहार गर्नेहरुमाथि कारवाही नहुञ्जेलसम्म कार्यालयको सम्पूर्ण कामकाज बन्द रहने उल्लेख छ।

टाउको र हातमा कालो पट्टी बाँधेर कार्यालय परिसरमै धर्नामा वसेका कर्मचारीहरुले घट्नाका दिन दुर्व्यवहारका दृश्य कैद भएका कार्यालयको सिसी टिभी फुटेजको प्रमाणका आधारमा छानबिन गरी दोषीमाथि कारबाही तथा कार्यालयमा काम गर्ने सुरक्षित वातावरणको प्रत्याभूतिको माग गरेका छन् ।

जनमत पार्टीका नेता समेत रहेका सांसद यादवले पूर्वाधार कार्यालयले जथाभावी योजना वितरण गरेको आरोप लगाउँदै कुटपिट गरेको आरोपलाई अस्वीकार गरेका छन् ।

प्रदेश साँसद यादवले हातपातको कुरा अस्वीकार गर्दै विचौलियाको प्रभावमा परेर जथाभावी योजना बाँडेको विरोध गर्दा आफूसंग सामान्य वादविवाद मात्र भएको दाबी गरेका छन् ।

यसैबीच सोमवार जिल्ला समन्वय समितिका प्रमुख शिव नारायण साहको अध्यक्षतामा वसेको पालिका प्रमुखहरुको बैठकले योजना बाँडफाँटमा विचौलियाको प्रभाव रोक्न पूर्वाधार विकास कार्यालयबाट प्रदान गरिने योजना सम्बन्धी पत्र सोझै सम्बन्धित पालिकालाई बुझाउनु पर्ने माग गरेका छन् ।

बैठकले सो विषयबारे आगामी चैत्र २१ गते बुधवार आवश्यक निर्णय लिन जिल्लाका १८ वटै पालिका प्रमुखहरुको बैठक बोलाउने निर्णय समेत गरेको छ ।

प्रदेशमा सत्ता गठबन्धन फेरिएसँगै भौतिक पूर्वाधार विकास मन्त्री पनि फेरिएका छन् । हाल रातो किताबमा उल्लेख भएका योजनाहरु मध्ये उपभोक्ता समितिले गर्ने कामको पत्र वितरण भइरहेको छ । टेण्डर प्रकृयाबाट हुने निर्माण कार्यमा विवाद देखिएको छैन् ।

उपभोक्ता समिति गठन गर्न योजनाको पत्र लिन विभिन्न दलका नेताहरुको भौतिक पूर्वाधार विकास कार्यालयमा चर्को दबाब रहेको छ। सबै दलका नेताहरुले आ-आफ्ना समर्थक मार्फत योजना कार्यान्वयन गराउन चाहिरहेका छन् ।

स्रोतहरुका अनुसार वर्तमान भौतिक पूर्वाधार विकास मन्त्री सरोज कुमार यादवले प्रकृया पुऱ्याएर मात्र योजना वितरण गर्न निर्देशन दिएकाले विगतमा योजना रहेको दावी गरेकाहरु आक्रोशित भएका छन् । मन्त्री यादवले सप्तरी जिल्लाको घटनाबारे बुझ्िरहेको बताउँदै विकास निर्माणको कार्यलाई अवरोध गर्नु उचित नभएको बताए ।

पूर्वाधार विकास कार्यालयका कर्मचारीहरु आन्दोलनमा उत्रेपछि सम्पूर्ण कामकाज ठप्प भएको छ । कार्यालय परिसरमा कालोपट्टी बाँधेर दिनभरि कर्मचारीहरु धर्ना बसेकाले कुनै काम हुन सकेन् । जिल्ला प्रशासन कार्यालयले समस्याको तत्काल निराकरण नगरिए सप्तरी जिल्ला पूर्वाधार कार्यालयबाट प्रकृया अगाडि बढाउन बाँकी रहेका कयौं योजनाहरु अलपत्र पर्ने छन् । उपभोक्ता समिति मार्फत हुने निर्माण कार्यहरु धैरै रोकिने एकजना कर्मचारीले बताए । 'पालिकाहरुले सोझै पत्र पठाउन माग गरिरहेका छन्' ती कर्मचारीले भने, त्यसले योजना राख्न लगाएका नेताहरुमा तीव्र असन्तुष्टि उत्पन्न भएर कामकाज प्रभावित हुने संभावना बढेको छ ।

कांग्रेसका मन्त्री रहेको बेला राखिएका योजनाहरुमा अहिले एमालेका कार्यकर्ताहरुले दावी ठोकेका छन् । उनीहरुले पत्र लिएर पालिकाबाट उपभोक्ता समिति गठन गराउन जोडबल गरिरहेका छन् ।






# भिनाजुको एसइई दिने सालो पक्राउ, तीन केन्द्राध्यक्ष निष्कासित



**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीमा भिनाजुको नाममा माध्यमिक शिक्षा परीक्षा (एसइई) दिँदै गरेका एक जना परीक्षार्थी पक्राउ परेका छन् । जनता माध्यमिक विद्यालय धनकौल गाउँपालिका ३ हरकठवा परीक्षा केन्द्रबाट परीक्षा दिँदै गरेका नक्कली परीक्षार्थी कृष्ण महतो पक्राउ परेका हुन् । महतोले भिनाजु राकेशकुमार महतो (सिम्बोल नं. ०२२१००४५) बाट एसइई अन्तर्गत आइतबार तेस्रो दिन अनिवार्य गणित विषयको परीक्षा दिइरहेका थिए ।

महतोलाई परीक्षा अनुगमन समितिले भिनाजुको नाममा परीक्षा दिइरहेका बेला पक्राउ गरेको हो । कृष्णका भिनाजु राकेशकुमार जनकल्याण माध्यमिक विद्यालय धनकौल गाउँपालिका १ धोबिनयाँका विद्यार्थी हुन् ।

राकेशकुमारको अहिलेसम्मका सम्पूर्ण परीक्षा रद्द गरिएको र अब अन्य विषयको परीक्षा समेत दिन नपाउने शिक्षा विकास तथा समन्वय इकाई सर्लाहीका निमित्त प्रमुख रामवृक्ष महतोले जानकारी दिए । नक्कली परीक्षार्थी कृष्ण महतोलाई आवश्यक कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय मलंगवाको हिरासतमा राखिएको छ ।

यसैबिच, सर्लाहीमा माध्यमिक शिक्षा परीक्षा (एसइई) अन्तर्गत आइतबार तीन जना केन्द्राध्यक्षलाई निष्कासन गरी नयाँ केन्द्राध्यक्ष तोकिएको छ ।

आइतबार तेस्रो दिन सञ्चालन भएको अनिवार्य गणित विषयको परीक्षामा आफ्नो परीक्षा केन्द्रभित्र मर्यादा कायम गर्न नगर्ने तीन जना केन्द्राध्यक्षलाई कारवाही स्वरुप जिम्मेवारीबाट हटाएर नयाँ केन्द्राध्यक्ष नियुक्त गरिएको छ । आइतबार साँझ जिल्ला सुरक्षा समितिका अध्यक्ष तथा प्रमुख जिल्ला अधिकारी कोमल प्रसाद धमलाको अध्यक्षतामा बसेको समितिको बैठकले गम्हरिया, बेल्ही र हरकठवा माध्यमिक विद्यालय परीक्षा केन्द्रका केन्द्राध्यक्ष फेर्ने निर्णय गरेको शिक्षा विकास तथा समन्वय इकाई मलंगवाका निमित्त प्रमुख रामवृक्ष महतोले जानकारी दिए ।

उनका अनुसार मलंगवा नगरपालिका-११, गम्हरियामा रहेको श्रीमती लक्ष्मीदेवी जनता माध्यमिक विद्यालय परीक्षा केन्द्रका केन्द्राध्यक्ष तथा सोही विद्यालयका प्रधानाध्यापक दिनेश रायलाई हटाएर सहायक केन्द्राध्यक्ष वसन्त कुमार प्रसाद साहलाई केन्द्राध्यक्षको जिम्मेवारी दिइएको छ ।

यस्तै चक्रघट्टा गाउँपालिका-२, बेल्हीमा रहेको जनता माध्यमिक विद्यालय परीक्षा केन्द्रका केन्द्राध्यक्ष वीरेन्द्र चौधरीलाई हटाएर उनको स्थानमा कविलासी नगरपालिकास्थित सलेमपुर माध्यमिक विद्यालयका प्रधानाध्यापक रवीन्द्र रायलाई केन्द्राध्यक्ष बनाएर पठाइएको छ ।

त्यसैगरी जनता माध्यमिक विद्यालय धनकौल गाउँपालिका ३ हरकठवा परीक्षा केन्द्रका केन्द्राध्यक्ष एवं सोही विद्यालयका प्रधानाध्यापक रामनारायण यादवलाई जिम्मेवारीबाट हटाएर गोडैता नगरपालिकास्थित सिसौटिया माध्यमिक विद्यालयका प्रधानाध्यापकलाई नयाँ केन्द्राध्यक्ष नियुक्त गरेर खटाइएको शिक्षा विकास तथा समन्वय इकाई मलंगवाले जनाएको छ । सर्लाहीका प्रमुख जिल्ला अधिकारी कोमल प्रसाद धमलाले बाहिरबाट हेर्दा परीक्षा व्यवस्थित नै देखिए पनि भित्र अनुगमनमा पुग्दा मोबाइलबाट चिट चोरी भइरहँदा बेवास्ता गर्ने, भएका सिसी टिभी दुरुस्त नराख्ने जस्ता परीक्षाको मर्यादा भन्दा विपरीतका गतिविधि पाइएपछि केन्द्राध्यक्षलाई नै जिम्मेवारीबाट हटाएर नयाँ केन्द्राध्यक्ष तोकिएको बताए ।

उनले परीक्षालाई मर्यादित र व्यवस्थित बनाइँदै लगिने बताए । यसैबिच परीक्षा अनुगमन टोलीले आइतबार सात जना परीक्षार्थीलाई समेत निष्कासित गरेको छ ।

श्रीमती लक्ष्मीदेवी माध्यमिक विद्यालय गम्हरिया परीक्षा केन्द्रबाट चार जना, जनता माध्यमिक विद्यालय धनकौल ३ हरकठवाबाट एक जना, पब्लिक माध्यमिक विद्यालय पर्साबाट एक जना र केश्वर गरिब जता माध्यमिक विद्यालय हरिपूर्वा परीक्षा केन्द्रबाट एक जना परीक्षार्थी मर्यादा विपरीत परीक्षा दिइरहेको पाइएपछि निष्कासित भएका छन् ।

## पर्सा राष्ट्रिय निकुञ्जको खोरमा बाघको मृत्यु

**टुडे समाचारदाता**

वीरगञ्ज । पछिल्लो केही महिनाको अवधिमा पर्सा राष्ट्रिय निकुञ्जको खोरमा राखिएका तीन बाघको मृत्यु भएको छ ।

चितवन राष्ट्रिय निकुञ्ज र पर्साको ठोरीबाट उद्धार गरी ल्याइएका एउटा पोथी र दुई वटा भाले बाघको मृत्यु भएको छ । बाघको मृत्युसँगै पर्सा राष्ट्रिय निकुञ्जको खोर खाली भएको छ । पछिल्लो पटक गत असार २३ गते चितवन राष्ट्रिय निकुञ्जबाट उद्धार गरी ल्याइएको आठ वर्षको वयस्क भाले बाघको मृत्यु भएको पर्सा राष्ट्रिय निकुञ्ज प्रशासनले जनाएको छ ।

केही दिनदेखि बिरामी परेको बाघलाई खोरमा आहार दिन जाने क्रममा मृत्यु भएको अवस्थामा भेटिएको पर्सा राष्ट्रिय निकुञ्जका सूचना अधिकारी सन्तोष भगतले जानकारी दिए । दुई महिनाअघि पर्सा राष्ट्रिय निकुञ्जको खोरमै राखिएको दुई बाघको मृत्यु भएको थियो । दुई बाघ राख्नसक्ने क्षमता रहेको पर्सा राष्ट्रिय निकुञ्जको खोरमा तीन वटा बाघ राख्दा अत्यन्तै दुर्गन्ध फैलिएको र साँघुरो भएकाले बिरामी परेर बाघको मृत्यु भएको हुनसक्ने पर्सा राष्ट्रिय निकुञ्ज प्रशासनको भनाइ छ ।

# मुख्यमन्त्रीलाई निवर्तमान मन्त्रीको ज्ञापन

**टुडे समाचारदाता**

मलंगवा । मधेश प्रदेश सरकारका निवर्तमान स्वास्थ्य मन्त्री वीरेन्द्र प्रसाद सिंहले मुख्यमन्त्रीलाई ध्यानाकर्षण पत्र बुझाएका छन् ।

यसअघि मधेश प्रदेशको स्वास्थ्य क्षेत्रमा तीव्र गतिमा भइरहेका सुधारका कामहरु नयाँ सरकार पुनर्गठन पछि एकाएक अबरुद्ध भएपछि सो को जानकारी गराउन निवर्तमान मन्त्री सिंहले मुख्यमन्त्री सरोज यादवलाई सोमबार १२ बुँदे ध्यानाकर्षण पत्र बुझाएका छन् ।



निवर्तमान स्वास्थ्यमन्त्री सिंहले बुझाएको ध्यानाकर्षण पत्रमा स्तरोन्नति भई संचालन स्विकृतिका लागि प्रदेशको मन्त्रिपरिषद्मा पेश भएका अस्पतालहरु संचालनको लागि यथाशीघ्र अनुमति प्रदान गर्नु, ती अस्पतालहरु संचालनको लागि चाहिने जनशक्तिको विज्ञापन भइ केहीको लिखित र केहीको मौखिक परीक्षा भइसकेकोले यथाशीघ्र छनोट प्रक्रिया प्रारम्भ गरी छनोट भएकाहरुलाई ती अस्पतालहरुमा पठाएर अस्पताल संचालन गर्न, अस्पताल संचालनको लागि आवश्यक पर्ने उपकरणहरु खरिद गर्नको लागि स्वास्थ्य मन्त्रालयबाट बजेट माग भई अर्थ मन्त्रालयमा गइसकेकोले खरिद प्रक्रिया अगाडि बढाई उपकरणहरु सम्बन्धित अस्पतालमा यथाशीघ्र पठाउन, मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गत छुट्टै क्यान्सर अस्पतालको लागि बजेट सुनिश्चित भई लागत अनुमान समेत तयार भइसकेको र आठवटै जिल्लामा स्तरोन्नति भएका र नयाँ संचालन गर्ने लक्ष्य रहेका विभिन्न अस्पतालहरुको भौतिक पुर्वाधार निर्माण गर्न बजेट सुनिश्चित भई लागत अनुमान तयार भइसकेका भवनहरुको यथाशीघ्र खरिद प्रक्रिया अगाडि बढाई निर्माणकार्य सुरु गर्न, आठवटै जिल्लामा निर्माणाधीन नयाँ र अधुरो गरी जम्मा ४ सय १९ वटा बर्थिङ सेन्टर तथा स्वास्थ्य चौकी भवनहरुको निर्माण गुणस्तरीय तरिकाले गर्न लगायतका मागहरु उल्लेख छन् ।

# प्राविधिक हिउँदे वालीको संयुक्त स्थलगत अवलोकन

**टुडे समाचारदाता**

वीरगञ्ज । कृषि औजार अनुसन्धान केन्द्र वीरगञ्जले बारा र पर्सामा हिउँदेबालीको संयुक्त अनुगमन गरेको छ । कृषि सम्बन्धी सरोकारवाला कार्यालयका प्रमुख, स्थानीय कृषक सञ्चारकर्मी लगायतका टोली अत्याधुनिक कृषि औजारबाट गरिएको प्राविधिक गहु, मकै, आलु लगायतका बालीहरुको स्थलगत निरीक्षण गरेका छन् ।

कृषि अनुसन्धान निर्देशनालय परवानीपुरका प्रमुख डाक्टर विशेश्वर प्रसाद यादवको प्रमुख आतिथ्य र कृषि औजार अनुसन्धान केन्द्र वीरगञ्जका प्रमुख सचिन कुमार मिश्राको अध्यक्षतामा हिउँदेबाली प्राविधिहरुको एक दिवसीय स्थलगत संयुक्त अवलोकन तथा मुल्यांकन भ्रमण सोमबार सम्पन्न भएको छ ।

पर्साको बहुदरामाई नगरपालिकाको वार्ड नम्बर ७ स्थित रामनगरी र वार्ड नम्बर ८ को बिश्रामपुरमा लगाइको जिरो ट्रिल प्रविधिबाट



लगाइएको गहुँवालीको अवलोकन गरिएको थियो ।

साथै नेपालमा पहिलो पटक पर्साको जगरनाथपुर नगरपालिका अन्तर्गतका खलुचरीका कृषक जयकिशोर यादवले सरफेस मलचिन मशिनबाट १८बिग्गामा गरेको गहु खेतिको अवलोग गरिएको थियो ।

यसैगरि बाराको त्रिवेणीमा अत्याधुनिक कृषि औजारबाट गरिएको आलुखेतिको लागतमा ५० प्रतिशत भन्दा कमलागतमा खेति गरिएको जानकारी कृषक पारस ठाकुरले बताएका थिए ।

# हरियो साग सब्जी बरामद

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्सा प्रहरीले भारतबाट अवैद्य रुपमा भित्र्याइएको ठूलो परिमाणमा हरियो तरकारी र खाद्यान्न बरामद गरेको छ । सीमामा खटेका सशस्त्र र जनपद प्रहरीलाई छिछोल्दै वीरगञ्जको नगर र छपकैयामा भण्डारण गरिएको तरकारी र खाद्यान्न पर्सा प्रहरीले बरामद गरेको छ ।

विशेष सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालयबाट खटेको टोलीले नगवा र छपकैयाँबाट हरियो तरकारी तथा खाद्यान्न बरामद गरेको छ ।

चार लाख उनान्सय हजार मूल्य बराबरको भन्सार छलीको हरियो तरकारी तथा खाद्यान्न बरामद गरिएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ ।

ठूलोमात्रामा खुर्सानी, गोलभेडा, कटहर बरामद गरिएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता कुमारविक्रम थापाले जानकारी दिए । यसैगरि छपकैयाबाट २३ सय किलो मैदा, १२८ किलो पापड र ६९७ मिटर कपडा बरामद गरिएको नायब प्रहरी उपरीक्षक थापाको भनाइ थियो ।

छपकैयाँबाट बरामद सामानहरु करिब २ लाख ८ हजार मूल्य बराबरको रहेको पर्सा प्रहरीले जनाएको छ ।

प्रहरीले बरामद गरेको तरकारी तथा खाद्यान्न आवश्यक कारबाहीको लागि भन्सार कार्यालयमा बुझाइएको जनाएको छ ।

# पेट्रोलियम पाइपलाइनको दोस्रो चरणको काम ७० प्रतिशत सम्पन्न


**टुडे समाचारदाता**

वीरगञ्ज । मोतिहारी-अमलेखगञ्ज पेट्रोलियम पाइपलाइन परियोजनाअन्तर्गत दोस्रो चरणको करिब ७० प्रतिशत काम सम्पन्न भएको छ ।

दोस्रो चराणअन्तर्गत ७० प्रतिशत काम सकिएसँगै बाँकी आगामी तीन महिनाभित्र सम्पन्न गर्नेगरी कामलाई तीव्रता दिइएको नेपाल आयल निगम मधेश प्रादेशिक कार्यालय अमलेखगञ्ज, बाराले जनाएको छ ।

परियोजनाको दोस्रो चरणअन्तर्गत भारतीय आयल निगमले अमलेखगञ्जस्थित डिपोमा चार हजार एक सय किलोलिटर क्षमताका दुई पेट्रोल ट्याङ्क, दुई सय ५० किलोलिटर क्षमताका दुई ट्रान्समिक्स ट्याङ्क, पेट्रोल ढुवानीका लागि २४ पूर्ण स्वचालित लोडिङ वे (रिफिलर), पम्प हाउस र प्रयोगशाला निर्माण गरिसकेको कार्यालयका प्रमुख विनितमणि उपाध्यायले जानकारी दिए ।

सोही परियोजनाअन्तर्गत फायर फाइटिङ सिस्टमको स्तरोन्नति, पानी र तेल छुट्याउने ओडब्ल्युएस सिस्टम तथा पिएमसिसी कक्ष निर्माण अघि बढेको उनको भनाइ छ । "सन् २०२३ भित्र सम्पूर्ण पूर्वाधार निर्माण सम्पन्न गर्नेगरी इन्फ्रास्ट्रक्चर प्रालिलाई ठेक्का दिएका थियौँ । निर्धारित समयमा निर्माण सम्पन्न नभएपछि कम्पनीले म्याद थपका लागि निवेदन दिएकाले म्याद थपको प्रक्रियामा छौँ", प्रमुख उपाध्यायले भने । उनका अनुसार अहिले निर्माणाधीन अवस्थामा रहेका दुई पेट्रोल ट्याङ्कमध्ये एउटा नेपाल आयत निगमको र अर्को भारतीय आयल निगमको लागतमा बनिरहेका छन् ।





पेट्रोल र डिजेल दुवै हुनसक्ने मिश्रित इन्धन राख्नका लागि दुई ट्रान्समिक्स ट्याङ्क र डिपोभित्रको सुरक्षाका लागि तीन हजार किलोलिटर क्षमताको फायरवाटर ट्याङ्क भारतीय आयल निगमले निर्माण गरिदिने सम्झौता भएका उनले जानकारी दिए ।

पहिलो चरणको काम सम्पन्न भई विसं २०७६ भदौ २५ गतेदेखि पाइपलाइनबाट डिजेलको आयात भइरहेको निगमको प्रादेशिक कार्यालय अमलेखगञ्जले जनाएको छ । दोस्रो चरणको काम सकिएपछि पाइपलाइनबाटै पेट्रोल र मट्टितेलको आयात हुने प्रमुख उपाध्यायले बताए ।

"एउटै पाइपलाइनबाट पेट्रोल र मट्टितेल आयात गर्न सम्भव भए पनि भण्डारण गर्ने क्षमता नहुँदा अहिले ट्याङ्करबाटै पेट्रोलियम पदार्थ ल्याउनुपर्ने बाध्यता छ", उनले भने, "आयोजनाको काम सम्पन्न भएपछि पेट्रोल, डिजेल र मट्टितेल गरी तीनवटै पदार्थको आयात पाइपलाइनबाटै हुन्छ ।"

पाइपलाइनबाट पेट्रोलियम पदार्थ आयात हुँदा प्राविधिक नोक्सानी शून्य हुने, ढुवानी भाडा बचत हुने तथा वातावरणीय प्रदूषण कम गर्न सहयोग पुग्ने कार्यालय प्रमुख उपाध्यायको भनाइ छ । यो परियोजना सम्पन्न भएसँगै अमलेखगञ्ज डिपोमा डिजेलको भण्डारण क्षमता २४ हजार आठ सय ४० किलोलिटर र पेट्रोलको भण्डारण क्षमता १६ हजार छ सय ३० किलोलिटर पुग्नेछ । करिब ९० दिनका लागि इन्धन भण्डारण गर्ने सरकारको नीतिअनुसार निगमले थप पाँच/पाँच हजार किलोलिटर क्षमताका दुई टङ्की निर्माण अघि बढाइएको प्रमुख उपाध्यायले जानकारी दिए ।

# सगरमाथा आरोहणका लागि ६३ जनाले लिए अनुमति

**टुडे समाचारदाता**

काठमाण्डु । सर्वोच्च शिखर सगरमाथा आरोहण गर्न हालसम्म ६३ आरोहीले आरोहण अनुमति लिएका छन् । पर्यटन विभागका अनुसार सोमबारसम्म पाँच समूहका १३ महिला र ५० पुरुष गरी ६३ आरोहीले अनुमति लिएका हुन् ।

विभागको पर्वतारोहण शाखाका शाखा अधिकृत चुनबहादुर तामाङले सगरमाथासहित विभिन्न हिमाल आरोहणका लागि १७ आरोही समूहका ४२ महिला र एक सय ६ पुरुष गरी कूल एक सय ४८ ले आरोहण अनुमति लिएको जानकारी दिएका छन् । हिमाल आरोहणको अनुमति बापत् हालसम्म रु १० करोड ५५ लाख ९१ हजार राजस्व सङ्कलन भएको छ । सगरमाथापछि



सबैभन्दा बढी आमादब्लम र अन्नपूर्ण हिमालमा समान तीन आरोही समूहले अनुमति लिएको विभागले सोमबार जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

यो याममा सगरमाथासहितका हिमाल आरोहणका लागि धमाधम आरोहण अनुमति दिन सुरु गरिएको विभागले जनाएको छ । वसन्त ऋतुमा सबैभन्दा बढी आरोही सगरमाथा आरोहणका लागि आउने गर्छन् । विभागका अनुसार अघिल्लो वर्षको वसन्त ऋतुमा चार सय ७८ आरोहीले सगरमाथा आरोहणको अनुमति लिएका थिए । यो वर्ष सोही संख्याको हाराहारीमा आरोही आउने विभागको अनुमान छ ।

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : नयाँ कार्य हुने । |
| बृष | : बौद्धिक क्षमता । |
| मिथून | : प्रतिभा सम्पन्नता । |
| कर्कट | : शिक्षामा उन्नति । |
| सिंह | : पारिवाहिक सुख । |
| कन्या | : धन वृद्धि सञ्चय । |
| तुला | : प्रेम प्रसंग, मित्र सुख । |
| वृश्चिक | : सुख समृद्धि हुने । |
| धनु | : भ्रमण अवसर हुने । |
| मकर | : अवसर प्राप्त । |
| कुम्भ | : वाद विवादबाट बच्नु । |
| मीन | : पुरस्कार प्राप्त लाभ । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



चीनमा रहेको सबैभन्दा लामो मानवनिर्मित संरचना पर्यटकिय स्थल ग्रेटवाल अवलोकन गर्न आएका पर्यटक। तस्विर : रासस

# लगानी सम्मेलनमा अमेरिकी चेम्बर अफ कमर्सको प्रतिनिधिमण्डल पनि सहभागी हुने

**टुडे समाचारदाता**

काठमाण्डु । नेपालमा वैशाखमा हुने लगानी सम्मेलनमा अमेरिकी चेम्बर अफ कमर्सको प्रतिनिधिमण्डल पनि सहभागी हुने भएको छ। सोमबार अर्थमन्त्री वर्षमान पुनसँग अर्थमन्त्रालयमा नेपालका लागि अमेरिकी राजदूत डिन थम्प्सनले भेटघाट गर्दै जानकारि सो सम्वन्धि जानकारि दिएका हुन्। भेटघाटमा लगानी सम्मेलन सफल पार्न आफूहरुका तर्फबाट सहयोग हुने राजदुत थम्पसनको भनाई रहेको सचिवालयले जनाएको छ।

भेटमा द्विपक्षीय हितका विविध विषयमा कुराकानी भएको अर्थमन्त्री पुनको सचिवालयले जनाएको छ। अमेरिकी सहयोगमा नेपालमा सञ्चालित विभिन्न विकास परियोजना पूर्वनिर्धारित समयमै सम्पन्न गर्नेबारे छलफल भएको छ । अर्थमन्त्री पुनले लगानी सम्मेलनका लागि राम्रो तयारी भइरहेको जनाउदै लगानीमैत्री वातावरण निर्माणका लागि गरिनुपर्ने कानुनी र प्रक्रियागत सुधारको तयारी भइरहेको जानकारी दिए । मन्त्री पुनले नेपालमा लगानीको राम्रो वातावरण बनिरहेकाले बढीभन्दा बढी अमेरिकी लगानीकर्ताको सहभागिताका लागि यहाँ र दूतावासबाट सहयोगको अपेक्षा गरेका बताए।

नेपालमा लगानी वातावरण सुधारका लागि मुलुकको सार्वभौम साख मूल्याङकन (सोभरेन कन्ट्री रेटिङ) को काम अघि बढेको जानकारी पनि मन्त्री पुनले राजदूत थम्प्सनलाई दिए । सरकारले अन्तर्राष्ट्रिय क्रेडिट रेटिङ गर्ने संस्था फिचमार्फत नेपालको क्रेडिट मूल्याङ्कन लागि प्रक्रिया अघि बढाएको छ । बेलायती सहयोग नियोगअन्तर्गतको ‘ फरेन कमनवेल्थ एन्ड डेभलपमेन्ट अफिस (एफसिडिओ) ले नेपालको आग्रहमा कन्ट्री रेटिङ गर्दा लाग्ने सेवा शुल्क फिचलाई भुक्तानी गर्ने प्रतिबद्धता जनाएको छ। चालु आर्थिक वर्षको बजेटमार्फत सरकारले कन्ट्री रेटिङ गर्ने घोषणा गरेको थियो।

यस्तै, मन्त्री पुनले संसद्का दुवै सदन प्रतिनिधिसभा र राष्ट्रियसभाले सम्पत्ति शुद्धीकरण (मनी लान्डरिङ) निवारण तथा व्यावसायिक वातावरण प्रवद्धनसम्बन्धी विधेयक पारित गरिसकेकाले सम्पत्ति शुद्धीकरणसम्बन्धी अन्तर र्ष्ट्रिय छाता सङ्गठन ‘फाइनान्सियल एक्सन टास्कफोर्स (एफएटिएफ) को सम्भावित कालोसूचीमा पर्ने सम्भावना टरेको जानकारी पनि राजदूत थम्प्सनलाई दिए। सम्पत्ति शुद्धीकरणसम्बन्धी विभिन्न १९ वटा कानुनका व्यवस्था संशोधन गरिएको उक्त विधेयक हाल राष्ट्रपतिमार्फत प्रमाणीकरणको प्रक्रियामा छ।

# वैदेशिक रोजगार विभागका लेखापाल विरुद्ध मुद्दा दायर



**टुडे समाचारदाता**

काठमाण्डु । घुस लिएको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले वैदेशिक रोजगार विभाग, ताहाचल काठमाडौँमा कार्यरत लेखापाल प्रमोद निरौला विरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको छ।

लेखापाल निरौलाले धरौटी रकम फिर्ता गर्ने क्रममा सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरी निवेदनका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टङ्गालबाट खटिइ गएको टोलीले निज लेखापाल निरौलालाई सेवाग्राहीबाट रु १५ हजार घुस/रिसवत लिइसकेको अवस्थामा नियन्त्रणमा लिइएको प्रवक्ता नरहरि घिमिरेले जानकारी दिएका छन्।

> लेखापाल निरौलाले धरौटी रकम फिर्ता गर्ने क्रममा सेवाग्राहीसंग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरी निवेदनका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टङ्गालबाट खटिइ गएको टोलीले निज लेखापाल निरौलालाई सेवाग्राहीबाट रु १५ हजार घुस/रिसवत लिइसकेको अवस्थामा नियन्त्रणमा लिइएको प्रवक्ता नरहरि घिमिरेले जानकारी दिएका छन् ।

घिमिरेका अनुसार उक्त घुस रकमको अनुसन्धानको सिलसिलामा निजले सेवा ग्राहीसँग घुस/रिसवत माग गरी लिएको पुष्टि भएको हुँदा निज प्रमोद निरौलाको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ अन्तर्गतको कसुर भएकाले निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा बिगो रु १५ हजार कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम कैद गरी सोही ऐनको दफा ३ को उपदफा (१) अनुसार बिगो बमोजिम जरिवाना हुन माग दाबी लिई सोमबार विशेष अदालत, काठमाडौँमा आरोपपत्र दायर गरिएको हो।

# ‘उद्देश्य एउटा काम अर्को हुँदा सहकारीमा समस्या आयो’




काठमाण्डु । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले उद्देश्य एउटा काम गर्ने अर्को हुँदा सहकारीको समस्या आएको बताउनुभएको छ ।राष्ट्रिय सहकारी महासङ्घ लिमिटेड नेपालद्वारा आयोजित ६७औँ राष्ट्रिय सहकारी दिवसका अवसरमा सोमबार आयोजित कार्यक्रममा उहाँले सहकारीप्रति वितृष्णा जगाउन हुँदैन भन्नुभयो। “सहकारी अभियानमा जोडिएका लाखौँ शेयर सदस्यलाई निराशा हुन दिदैनौँ। अहिलेको सरकारले न्यूनतम साझा कार्यक्रममा सहकारीको समस्या समाधान गर्ने कुरा ल्याएको छ । हाम्रो विकासको संरचनालाई आधार मान्दा यसैबाट जानुपर्ने देखिन्छ,” मन्त्री अधिकारीले भन्नुभयो ।

कागजी काम धेरै गर्ने तर व्यवहारमा उतार्ने काम नहुँदा सहकारीमा समस्या देखिएका छन् भन्नुहुँदै उहाँले अहिले देखिएका समस्या समाधानका लागि आन्दोलनकारीसंग वार्ता पनि गरिएको बताउनुभयो । “सहकारीभित्र देखिएका समस्या समाधान गर्न टोली बनाएर जानुपर्छ, नयाँ कानुन ल्याउनुपर्छ भन्ने पनि हाम्रो सोच छ। सरकार, सहकारी र समुदाय मिलेर समस्या समाधानमा लाग्नुपर्छ। केके आधार तय गर्नुपर्छ हामी गर्न तयार छौँ । कमजोरी सहकारीका शेयर सदस्यहरुको पनि छ,” उहाँले भन्नुभयो।

राष्ट्रिय सहकारी महासङ्घका पूर्वअध्यक्ष तथा पूर्वमन्त्री केशवप्रसाद बडालले सहकारीमा अहिले देखिएको समस्याले सहकारी क्षेत्रलाई शुद्धिकरण गर्ने समय भएको जनाउ दिएको बताउनुभयो।

“दर्ता गर्दैखेरि लुट्ने ध्येय राखेर दर्ता भएका सहकारी संस्था र सहकारी र कम्पनीको फरक छुट्याउन नसक्ने नेताका कारण समस्या भएको हो । एउटै मान्छेले धेरै ठाउँमा संस्था खोलेको छ, यसमा दोषी सरकार हो।

सहकारी सङ्घ, महासङ्घ हैन। सबै संस्था खराब हैनन्,” उहाँले भन्नुभयो।

महासङ्घका पूर्वअध्यक्ष तथा पूर्वगृहराज्यमन्त्री दीपकप्रकाश बास्कोटाले सहकारीको समस्याको पहिचान गर्दै त्यसलाई समाधान गर्ने बाटो खोज्नुपर्ने र सरकारले त्यसलाई सहजीकरण गरिदिनुपर्छ भन्नेमा जोड दिनुभयो। “सहकारीलाई छुट्टै नियमन गर्नुपर्छ। तालिम केन्द्र कलेजहरुको स्थापनाका साथै विश्वविद्यालयको स्थापना गरिनुपर्छ।

सहकारीको विशिष्ट कार्यक्षेत्र सरकारद्वारा निर्धारण गरिनुपर्छ। सहकारीको ब्यानरमा ठगी गर्ने पद्धतिलाई रोक्ने व्यवस्था छैन। ४७ वटा ऐन संशोधन गर्नुपर्छ भनेर महासङ्घले पाँच/सात वर्ष भइसकेको छ,” उहाँले भन्नुभयो।

पूर्वमुख्यमन्त्री तथा राष्ट्रिय सहकारी महासङ्घका सल्लाहकार खगराज अधिकारीले सहकारी अभियन्ताहरु नै विवादमा पर्दा सहकारीमा समस्या आएको र सहकारी अभियानमा प्रश्न उठेको बताउनुभयो ।“सहकारीमा आबद्ध भएर शक्ति र सरकारको दुरुपयोग गर्न खोज्नेहरु अभियन्ता हुन सक्दैन ।

यस्ताहरुसँग सरकारले सम्झौता गर्नु हुँदैन। कानुनको दायरामा रहेर आफ्नो काम गर्नुपर्छ ।

सहकारीलाई ढुकुटीजस्तो बनाएर पहुँच हुनेले जे गरे पनि हुन्छ भन्ने अवस्था सृजना गर्नु हुँदैन,” उहाँले भन्नुभयो।

महासङ्घका सल्लाहकार तथा नेपाली कांग्रेसका केन्द्रीय सदस्य देवेन्द्रराज कँडेलले स्थायित्व र सुशासन कायम नभएसम्म जनताले राहत महसुस गर्न नसक्ने जनाउनुहुँदै अहिले ठूलो जिम्मेवारी प्रमुख दलहरुमा रहेको बताउनुभयो। “सहकारीले कहिलेकाहीँ गलत ठाउँमा लगानी गर्दा र समयमा बचत फिर्ता गर्न नसक्दा बचतकर्तामा निराशा छाउन सक्छ। सहकारीलाई कसरी व्यवस्थित गर्न सकिन्छ भनेर सोच्नुपर्छ,” उहाँले भन्नुभयो।

महासङ्घका सल्लाहकार तथा पूर्वमन्त्री लीलामणि पोखरेलले आर्थिक, सामाजिक क्षेत्रमा योगदान दिँदै मुलुकलाई समृद्धितिर लैजाने माध्यम सहकारी भएको बताउनुभयो। “सामूहिक उन्नयन सहकारीको उद्देश्य हो, अहिले सहकारी अभियन्ताहरु यो उद्देश्यबाट विचलित भएको कारण जनतामा सहकारीप्रति नकारात्मक भाष्य सृजना भएको छ । हामीले स्वअनुसाशनको कुरा गर्दा जनताको सम्पत्तिको सुरक्षा गर्ने दायित्व राज्यको हो भन्ने कुरा बुझेनौँ,” उहाँले भन्नुभयो।

> महासंघका सल्लाहकार तथा पूर्वमन्त्री लीलामणि पोखरेलले आर्थिक, सामाजिक क्षेत्रमा योगदान दिँदै मुलुकलाई समृद्धितिर लैजाने माध्यम सहकारी भएको बताउनुभयो । सामूहिक उन्नयन सहकारीको उद्देश्य हो, अहिले सहकारी अभियन्ताहरु यो उद्देश्यबाट विचलित भएको कारण जनतामा सहकारीप्रति नकारात्मक भाष्य सृजना भएको छ ।

राष्ट्रिय सहकारी विकास बोर्डका सहअध्यक्ष मित्रराज दवाडीले संविधानमा उल्लेख भएका कुरालाई कसैले पनि विभेद गर्न नपाइने बताउनुहुँदै १६औँ आवधिक योजनाभित्र सहकारीको भूमिकालाई कमजोर बनाइनु नहुने धारणा राख्नुभयो।

उहाँले सहकारीस्तरबाट सहकारी कर्जा असुली न्यायाधीकरण गठन गरी कर्जा सूचना केन्द्र र कालोसूचीको व्यवस्था गर्नु जरुरी रहेको बताउनुभयो।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव गोकर्णमणि दुवाडीले ६७औँ सहकारी दिवसको नाराअनुसार नै सहकारीमा सुशासनः प्रविधि र एकीकरणको आधारमा समुदायको आर्थिक-सामाजिक रुपान्तरणमा महत्वपूर्ण भूमिका निर्वाह गर्न सकोस् भन्ने धारणा राख्नुभयो।

उहाँले केही सीमित सहकारीका कारणले सिङ्गो सहकारी क्षेत्र बदनाम भएको जनाउनुहुँदै व्यक्ति मनोमानीमा निजी कम्पनी जसरी सहकारी चल्दा समस्या आएको धारणा राख्नुभयो।

सहकारी विभागका रजिस्ट्रार पिताम्बर घिमिरेले यो दिवसबाट सहकारीकर्मीमा सहकारी क्षेत्रमा सुशासन कायम गर्दै सदस्यको आर्थिकस्तर उकास्न सक्ने प्रेरणा मिल्ने धारणा राख्नुभयो।

महासङ्घका अध्यक्ष ओमदेवी मल्लले नीति, नियम, कानुनका व्यवस्थाहरु पालना गरेर काम गर्नु नै सुशासन हो भन्नुहुँदै सुशासनमा बस्दा सहकारी क्षेत्रमा समस्या नआउने बताउनुभयो।

# किच्चकबधमा दरबारको ऐतिहासिकता दर्शाउने भग्नावशेष फेला

**टुडे समाचारदाता**

काठमाण्डु । झापाको ऐतिहासिकस्थल किच्चकबधमा एउटा पूर्ण दरबारको ऐतिहासिकता दर्शाउने भग्नावशेष फेला परेको छ।

पुरातत्व विभागको टोलीले सातौँ पटक गरेको उत्खननका क्रममा उक्त भग्नावशेष फेला परेको पुरातत्वविद् उद्धव आचार्यले जानकारी दिएका छन् । भद्रपुर-३ पृथ्वीनगरस्थित देउनिया नदी र मेची नदीको किनारमा रहेको किच्चकबधको ऐतिहासिकता प्रमाणित गर्न पुरातत्व विभागको यही चैत २ गतेदेखि १८ गतेसम्म सातौँ पटक उत्खनन गरेको थियो।



पुरातत्वविद् आचार्यको नेतृत्वमा पुरातत्व विभागका अधिकृत नवराज अधिकारी, इञ्जिनियर रेशनी महर्जन, प्राविधिक सहायक महेशबाबु शर्मा राजोपाध्याय र फोटोग्राफर राजन पौडेलले उत्खनन गरेका थिए। पहिलो पटक पुरातत्वविद् आचार्यको नेतृत्वको टोलीले विसं २०५८ मा किच्चकबधमा उत्खनन सुरु गरेको थियो।

हालसम्म गरिएको उत्खननका क्रममा किच्कबधको उत्तरपूर्वमा एउटा बहुतले ठूलो भवन, ठूलो भवनकै केही दक्षिणमा अर्को भवन, सोही भवनकै उत्तर-पश्चिम छेउमा सेन्ट्री बस्नेसहितको भवन, सोही भवनको केही पश्चिम-दक्षिणमा अर्को बहुतले भवनको भग्नावशेष फेला परेको छ। यी चार वटा भवनको दक्षिणतिर दुई सय फुटको दूरीमा सुरक्षा प्रमुखसहित अरू सुरक्षाकर्मी बस्ने शैलीको दुईतले भवन गरी पाँच वटा भवनका संरचना फेला परेका पुरातत्वविद् आचार्यले जानकारी दिए।

यसअघिका उत्खननबाट फेला परेका पुरातात्विक सामग्रीको वैज्ञानिक परीक्षणबाट इशापूर्व प्रथम शताब्दीतिरको मानव सभ्यतासँग गाँसिएका प्रमाणित भएको आचार्यले बताए।

“यो आधारमा किच्चकबधको ऐतिहासिकता २२ सय वर्ष पुरानो भएको पाइएको छ”, उनले भने, “भारतमासँग कुषाणकाल चलेको समयमा यसस्थलमा पनि कुनै शासकको दरबार र किल्ला रहेको हुनसक्छ।


**Bid Addendum Notice**

Madhesh Province Government

Madhesh Institute of Health Sciences

**Provincial Hospital**


**Madhesh Province**

**Janakpurdham, Dhanusha**

**Bid Addendum Publication Date: 2 April 2024**

Bid Addendum is done in IFB No. MIHS/NCB/WORKS/2080-081/1; The Procurement of Dip Boring Jadan Karya, Madhesh Institute of Health Sciences, Janakpurdham, Dhanusha published on 7 March 2024. For more details visit: https://www.bolpatra.gov.np/egp/

(Hospital Director)



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# प्रहरीको सफलता

वीरगञ्जमा अनलाईन ठगी गर्ने चिनियाँ गिरोहलाई जिल्ला प्रहरी कार्यालय पर्साले नियन्त्रणमा लिएको छ। नेपाल र भारतको सीमासित जोडिएको वीरगञ्ज महानगरपालिका मधेश प्रदेशको आर्थिक राजधानी मानिन्छ। चिनियाँ गिरोहले वीरगञ्ज महानगरपालिकामा एउटा सिंगै भवन बहालमा लिएर अनलाइन ठगीको धन्धा चलाइरहेका थिए। प्रहरीले ठगी धन्धामा संलग्न रहेका तीन जना चिनियाँ नागरिकलाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेमा दुई जना नेपाली दोभासे पनि रहेका छन्। तर प्रहरीले उनीहरुलाई सार्वजनिक गरेको छैन्। प्रहरीले दोभासेलाई चिनियाँसितको वयान र अनुसन्धानमा दोभासेको मद्दत लिने प्रहरीले खुलासा गरिसकेको छ। चिनियाँ भाषा नबुझ्ने नेपाली प्रहरीलाई चिनियाँको वयान लिन कठिनाई भइरहेको बताइएको छ। दोभासेको सहयोगमा चिनियाँहरुसित वयान लिने तयारी प्रहरीले गरेकोछ। अनुसन्धान जारी रहेकाले थप विवरणहरु पनि आउने संभावना रहेको प्रहरीको बुझाइ छ। प्रहरीले गरेको प्रारम्भिक अनुसन्धानबाट भएको खुलासा अनुसार चिनियाँहरुले दक्षिण एसियाको भारत, नेपाल, बंगलादेश र पाकिस्तानलाई ठगीको केन्द्र बनाएका थिए। अनलाईन मार्फत चिठ्ठा परेको, उपहार परेको लगायतका झुठा सन्देशहरु लक्षित व्यक्ति सम्म पुऱ्याएर रकम ठग्ने गिरोह सञ्चालन रहेको प्रहरीले प्रारम्भिक अनुसन्धानबाट देखिएको जनाएको छ। सीमावर्ती सहरमा झण्डै डेढ सय कम्प्युटर, ल्यापटप लगायतका अनेकौ उपकरणहरुको प्रयोग गरी करोडौ रुपैयाँ ठगेको हुन सक्ने अनुमान गरिएको छ। चारवटा देशमा ठगी सञ्जाल फैलाएका चिनियाँहरुले करिब ४ महिनादेखि कारोबार गरिरहेको प्रहरीको आशंका छ। हुनत घर बहालदिनेलाई सोधपुछ गर्दा उनीहरुले धेरै जानकारी प्रहरीलाई दिन सक्छन। चिनियाँ नागरिकहरुसित अन्य गिरोहहरुको पनि संलग्नता हुन सक्छ। चिनियाँ नागरिकहरुलाई सबै विषयमा पत्ता नलगाई घर बहाल दिने व्यक्तिको संलग्नता नभए पनि आगामी दिनमा विदेशी नागरिकहरुको संलग्नता समेत हुन सक्छ। वीरगञ्जबाट भएको ठगी धन्धाले धेरै लुटिएको हुन सक्ने संभावना छ। त्यसकारण मोबाइल अथवा अन्य डिजिटल प्रविधिबाट अनलाईन जोडिनेहले आफ्नो बैंक खाता, त्यसको ओटीपी नम्बर कसैलाई पनि जानकारी दिनु हुँदैन्। अनेक प्रलोभन दिएर बैंक खाताको ओटीपी नम्बर लिने र त्यसपछि खातामा रहेका मौज्दात झिक्ने ठगहरुबाट सचेत रहौं। प्रहरी लगायतका निकायहरुले कुनै पनि हालतमा ओटीपी नम्बर नदिने, धाकधम्की भए प्रहरीलाई जनाउ दिने गर्नुपर्छ। अनलाईन मार्फत हुने ठगीमा परेकाहरुको रकम फर्काउन असंभव नै प्रायः हुने गरेको छ। वीरगञ्जमा पर्सा प्रहरीले ठूलो सफलता हात पारेको छ।

ज्ञान श्रृंखला :

# उत्तर आधुनिकताको बौद्धिक फेसन



**रोशन जनकपुरी**

(यस पटकको लेख बौद्धिकवर्गलाई समर्पित छ।)

अचेल बौद्धिक क्षेत्रमा, विशेष गरेर आफूलाई लोकतान्त्रिक भन्ने गैरमार्क्सवादी बौद्धिक जमातमा उत्तर आधुनिकतावाद एउटा फेसनेबल थेगो जस्तो भएको छ। उत्तर आधुनिकता मूलतः भाषाशास्त्र, साहित्य र कलाक्षेत्रको दार्शनिक प्रवृत्ति हो। यस्ले सामूहिकता, केन्द्रियता र सामाजिकतालाई खण्डित, विकेन्द्रित, विनिर्माण र निजित्वमा हेर्छ। यस्ले मानवविकासको सम्पूर्ण इतिहासलाई एउटा निरन्तरता र निश्चयात्मकतामा होइन, खण्डित, निजी आवेग र अनिश्चयतामा हेर्छ। यस कारण उत्तर आधुनिकतावादीहरुको निम्ति यथार्थ र निश्चित भन्ने केही हुँदैन। उनीहरुको निम्ति सबै भ्रम नै हुन्छ। यसका आलोचकहरुले यसलाई भ्रमयुक्त र निरर्थक लक्ष्यहीन जीवनको विशृङ्खल प्रवृत्तिको रुपमा व्याख्या गर्छन्।

मार्क्सवादले मानवीय जीवनलाई द्वन्द्वमय सामाजिकतायुक्त उद्देश्यपूर्ण भनेका छन्। मानवीय समाजमा विद्यमान द्वन्द्वमयता नै हो, जस्ले समाजमा रहेको असमानतालाई अभिव्यक्त गर्छ र विभेदमा परेको हिस्सामा समानताको निम्ति संघर्षगर्न प्रेरित गर्छ। मार्क्सको वर्गसंघर्षको सम्पूर्ण राजनीतिक अर्थशास्त्रीय विचारधारा यसै मानवीय समानतायुक्त समाजको निम्ति प्रेरित छ। त्यसैले एउटा वैचारिक मार्क्सवादी बौद्धिकसंग सर्वहारा अधिनायकत्व, सर्वहारा जनवाद, समाजवाद, साम्यवाद, वर्ग संघर्ष र मानवीय दृष्टिकोणको निश्चित चिन्तन प्रवृत्ति र उद्देश्य हुन्छ। यसको निम्ति ऊ संग एतिहासिक भौतिकवादी द्वन्द्ववादी दार्शनिकतामा आधारित विश्व दृष्टिकोण (वर्ल्ड भ्यू) हुन्छ, जस्को आधारमा उसले अर्थ, राजनीति, इतिहास, संस्कृति, समाज, आदि जगत र जीवनबारे आफ्नो दृष्टिकोण बोध गर्छ।

'मानव समाजको विकासको सम्पूर्ण इतिहास उत्पीडक र उत्पीडित वर्गद्वन्द्वको इतिहास हो र यस्को मूलकारक शक्तिशालीवर्गले मानवीय श्रमबाट निर्मित सामाजिक सम्पत्तिमा निजी अधिकार कायम गर्नु हो। यसैकारण सर्वहारा श्रमिकवर्गले पुरानो विश्वलाई विस्थापित गरेर सबै प्रकारको शोषणबाट मुक्त श्रमसंस्कृतिले युक्त मानवीय विश्वको निर्माण गर्नु पर्छ' भन्ने मार्क्सवादी विचार समग्र मानवीय विकासको इतिहासमै नयाँ थियो। विश्वको सबै धर्म, संस्कृति र राज्यसत्तामा श्रमिकहरुको कर्तव्य श्रम गर्नुमात्र परिकल्पित थियो। राज्य र शासन गर्नेहरु भिन्न सामाजिकताका योग्य पुरुषहरु हुने गर्छन् भन्ने धारणा प्रायः सबै धर्म र संस्कृतिमा पाइन्छ। अभिजात्य र उच्चवर्गीय शासनको राज्यसत्ताले यस्तो मनोविज्ञान सृजित गरेको थियो, जस्मा समाजको सबैभन्दा तल्लोवर्ग भनिने सर्वहारा श्रमिकहरुले पनि राज्य गर्न सक्छन् भन्ने कल्पनासम्मपनि गरिएको थिएन। हिन्दु धार्मिक परम्परामा त झन् श्रम गर्ने समुदायलाई शूद्र भनेर वर्णाश्रममा सबैभन्दा तल्लो श्रेणीमा राखिएको छ। यस शुद्रको धर्म, कर्तव्य र अधिकार सबै माथिल्लो श्रेणीको ब्राह्मण, क्षत्रीय र वैश्यको सेवा गरेर जुठोपुरोमा जीवनयापन गर्नु भनिएको छ। शूद्रले ज्ञानार्जन र शासन गर्ने कल्पना गर्नु समेतलाई अधर्म र दण्डयुक्त बनाइएको छ। मार्क्स मानवीय ईतिहासमा पहिलो दार्शनिक र अर्थराजनीतिज्ञ थिए, जस्ले सर्वहारा श्रमिकवर्गले(वा हिन्दु धार्मिक शब्दावलीमा भन्ने हो भने शूद्रहरुले) संघर्ष गरेर आफ्नो राज्यसत्ताको निर्माण गर्नुपर्छ भनेर प्रेरित गरे। उनले विश्वइतिहासको पुनसर्मीक्षा गरे र भने : 'मानवीय विकासको सम्पूर्ण इतिहास वर्गसंघर्षको इतिहास हो।' दार्शनिकताको दृष्टिले मार्क्सको यो सर्वहारावादी वर्गसंघर्षको विचारधाराले ईतिहास र दर्शनको दिशा परिवर्तन गरिदियो। यस युगान्तकारी क्रान्तिकारी विचारधाराले समग्र विश्वलाई प्रभावित गऱ्यो, र प्रेरित गऱ्यो। यस्को आधारमा विश्वमा सामन्तवाद, पूँजीवादी साम्राज्यवाद विरोधी तथा उपनिवेशवादविरोधी कयौं सफल असफल क्रान्ति, विद्रोह र आन्दोलनहरु भए।मार्क्सवादको वैचारिकताले श्रमजीविवर्ग मात्र होइन, अन्य उत्पीडित सांस्कृतिक समुदायको मुक्ति चेतनालाईपनि प्रभावित गऱ्यो। यतिमात्रै होइन, यस्ले श्रमिकवर्गको विरोधी शिविर पूँजीवाद तथा पारम्परिक शासनभित्रको बुर्जूआ लोकतान्त्रिक राजनीतिक चेतनासमेतलाई प्रभावित गऱ्यो। यसैकारण मार्क्सवादलाई यसका धुरविरोधी दार्शनिक, राजनीतिज्ञ, बौद्धिकहरु समेतले आधुनिक विचारको रुपमा स्वीकार गरेका थिए, अझै मानिरहेका छन्।

बीसौं शताब्दीमा राजनीतिभन्दापनि दर्शन, समाजशास्त्र, संस्कृति र इतिहासको अध्ययन र लेखनको क्षेत्रमा आधुनिक विचारको रुपमा मार्क्सवादले सर्वाधिक प्रभावित गरेको पाइन्छ। तर मार्क्सवाद दर्शन र राजनीतिक विचार मात्र होइन। यो वर्तमान युगको सबैभन्दा शक्तिशाली पूँजी, निजी सम्पत्ति, साम्राज्यवाद र नाफाको बजारको विरुद्ध संघर्षको सर्वाधिक प्रभावशाली क्रान्तिकारी हतियारपनि हो। पूँजीवाद र साम्राज्यवाद आफैमा एउटा संस्कृति हो, जस्ले धर्म र राज्यसत्तालाई उपयोग गरेर बजारको रक्षा गर्छ र मानवीय समाजलाई खरीद बिक्री र उपभोक्तावादमा प्रतिष्ठाबोधमा अभ्यस्त बनाउँछ, र सम्पूर्ण समाजलाई नाफा नोक्सानको आर्थिक मापदण्डमा व्याख्या गर्छ। यस्तोमा मार्क्सवादमा आधारित श्रमसंस्कृतियुक्त मानवीय चेतनाको 'आधुनिक विचार' उसको निम्ति अत्यन्त घातक हुन्छ। यसै कारण उत्पीडित वर्ग र उत्पीडित समुदायको साझा संघर्षलाई खण्डित गर्न उसले बहुलतावादी 'द्वैतवादी' दर्शनलाई अगाडी सार्छ, र यसलाई 'उत्तर आधुनिकतावाद'को नाम दिन्छ।

उत्तर आधुनिकतावाद अर्थात् आधुनिकतापछिको विचार। आधुनिकता आफैमा नित्य नयाँ हुने दृष्टिकोण हो। मार्क्सवाद आफैमा गतिशील दर्शन हो, जस्ले ठोस परिस्थितिको ठोस विश्लेषणमा आफ्नो दिशा खोज्छ। यस्तोमा आधुनिकताको उत्तर अर्थात् त्यसपछिको विचार पछि फर्कनु अर्थात् पुरानोपनाबाहेक अरु के हुनसक्छ? हुनपनि उत्तर आधुनिकतावाद भित्रको निजीपना, अतीतोन्मुख शून्यवादप्रतिको गर्व, निजीत्वप्रतिको अतिशय आकर्षण, विनिर्माण र खण्डित जीवन आदि प्रवृत्तिबारे विचार गर्दा यो अतीतमा अग्रगामी चिन्तनपद्धतिले अस्वीकृत गरिसकेका पुरानो प्रवृत्ति नै हो।

तर यो उत्तर आधुनिकतावाद बौद्धिक संस्कृतिपनि हो, जो समग्रमा मार्क्सवादी दार्शनिक बौद्धिक संस्कृतिको विरुद्ध योजनाबद्ध रुपमा सृजना गरिएको हो। अन्तर्वस्तु पुरानै र अनुपयुक्त भएपनि यसका पक्षधर गैरमार्क्सवादी (यथार्थमा नवसाम्राज्यवादी संस्कृति) खेमाका बौद्धिकहरुले यसलाई नयाँ वैचारिक प्रवृत्तिको रुपमा व्याख्या गरिरहेका छन, र बौद्धिक क्षेत्रमा जानकार तथा फेसनको रुपमा प्रयोग गरिरहेका छन्। यस सारा खेलमा गोरखधन्धा के छ भने नवसाम्राज्यवादी पक्षधर विशेषज्ञ विद्वानहरुले यसको निम्ति मार्क्सवादी विचार र शब्दावलीको समानान्तर विचार श्रृंखला र शब्दावलीहरुको विकास गरेका छन्, जस्को प्रयोग गरेर अनुयायी विद्वानहरुले बौद्धिक तृप्ति महसुस गर्छन्। अहिले जतिबेला नेपाली समाजमा मार्क्सवादी आन्दोलन अत्यन्त कमजोर छ, नयाँ अवसरको खोजीमा आफूलाई मार्क्सवादी भन्ने विद्वान र बौद्धिकरुमा समेत उत्तर आधुनिक बहुसांस्कृतिक चेतनाको फेसन बढदो छ।

अहिलेको बौद्धिक विमर्शहरुमा सुनियोजितरुपमा तर्कहीनता र स्वाभाविक विमर्शको साटो नियोजित विमर्शमा जोड दिने चलन बढदै छ। यसको एकमात्र उद्देश्य विचार र विमर्श सबैको लक्ष्य र उद्देश्य तात्कालिक र क्षणिक बनाउनु हुने गर्छ। नेपालीमा उखान छ नि : 'हिँडदैछ, पाइला मेटिँदै छ'।

अहिलेको नेपाली समाजमा समाजवाद सबैभन्दा धेरै चर्चामा आउने विषय हो।तर यो चर्चित समाजवाद विचित्रको नयाँ हो। मार्क्सवादी समाजवादमा वर्गसंघर्ष, सर्वहारा अधिनायकत्व र सामूहिक सम्पत्ति छ। अहिले विविधखाले गैरसरकारी संस्थाहरुबाट आयोजित विमर्श र गोष्ठिहरुमा बहस हुने समाजवादमा निजी सम्पत्ति छ, बजार र नाफाको रक्षा छ र व्यक्तिबहुल लोकतन्त्र छ। तात्पर्य के हो भने अहिलेका विमर्शहरुमा श्रमजीविवर्गीय समाजवाद गायब छ र यस्को ठाउँ उपभोक्तावादी बजारले लिएको छ। योजनाको ठाउँमा उदारतावाद, राष्ट्रिय आत्मनिर्भरताको ठाउँमा भूमण्डलीकरण, वर्गको ठाउँमा सामाजिक समूह, क्रान्तिको ठाउँमा स्वेच्छिक संगठनहरुको आन्दोलन, राज्यको ठाउँमा नागरिक समाज, विपरीतलिंगी कामुकताको ठाउँमा गे (पुरुष पुरुषबीचको यौन सम्बन्ध) र लेस्बियन (स्त्री स्त्रीबीचको यौन सम्बन्ध) अथवा समलैंगिक अधिकार (यसलाई तृतीय लिंगीहरु बीचको सम्बन्धको विरोध नठानियोस) र 'आधुनिकता'को ठाउँमा 'उत्तर आधुनिकता' जस्ता नियोजित विषयमा ठूलादेखि साना शहरका सुविधासम्पन्न होटेल र प्यालेसहरुमा विमर्श र गोष्ठि आयोजन गरिन्छ। यी विषयहरु मार्क्सवादी विचारहरुको समानान्तर उत्तर आधुनिकतावादीहरुले विकसित गरेका कथित लोकतान्त्रिक विषयहरु हुन्।

यसरी नै नवसाम्राज्यवादी सांस्कृतिक विशेषज्ञहरुले उत्तर आधुनिक विचारको नाममा योजनाबद्धरुपमा समाजवादी संस्कृतिको विरुद्ध प्रक्षेपित शब्दावलीहरुमा समानताको ठाउँमा बहुलतावाद, विचारको राजनीति र उत्पीडित सांस्कृतिक समुदायको साझा संघर्षको ठाउँमा अस्मिताको राजनीति तथा खण्डित र अन्य उत्पीडितप्रति अविश्वासमा आधारित एकल संघर्ष, साझा देशको ठाउँमा खण्डित र उपराष्ट्रियता, देशभक्तिमा आधारित एकताको ठाउँमा निरपेक्ष बहुसांस्कृतिकवाद, सामान्यत्वको ठाउँमा भिन्नता र विविधता आदि छन्। अहिले सबैभन्दा बढी चर्चा हुने विषयहरुमा पुरातनतामा आधारित निवर्गीय संस्कृति, बहुलतावाद र निरपेक्ष अस्मिताको राजनीति छ। अहिलेको राज्यसत्तामा यी उत्तर आधुनिक बहुसांस्कृतिक आग्रहहरुकै प्रभाव भन्नु पर्छ कि जनगणनामा धार्मिक र जातीय सर्वेक्षण त पाइन्छ, तर जनजीवनको प्रत्यक्ष समस्यासंग सरोकार राख्ने वर्गीय सर्वेक्षण पाइँदैन।

मानिस सामाजिक संस्कृतिको निर्मिति हो। निश्चय नै ऊ संस्कृतिबाट पूर्णतः मुक्त हुनसक्दैन। तर अर्को यथार्थ के हो भने संस्कृतिको निर्माण प्रकृति र समाजमा जीवनयापनका अभ्यासको क्रममा भौतिकश्रमबाट नै भएको हो। भौतिक आवश्यकता र पूर्तिको क्रममा जन्मेको संस्कृति अभौतिक धार्मिक चेतनाहरुबाट लैस भएर अभिजात्यवर्गीय गर्वमा परिणत भएपछि मात्रै प्रतिष्ठामात्रको विषय बनेको हो। तथापि संस्कृतिले जीवनको हार्दिक, मानवीय र आनन्दमय दृष्टिकोणलाई व्यक्त गर्छ। यद्यपि संस्कृतिले मनुष्यको क्षमता र भावनाको सानो हिस्सा नै अभिव्यक्त गर्छ। त्यसैले मानिसको समग्रमा उत्कृष्ट र उदात्त जीवन जिउनको उद्देश्य र लक्ष्य थाहा पाउन अन्य संस्कृतिको आवश्यकता पर्छ। यसबाट के बुझिन्छ भने संकीर्ण र निरपेक्ष बहुसांस्कृतितावादमा निहित एकल सांस्कृतिक संघर्षको आग्रह आफैमा अपूर्ण छ। यस्को कारण के हो भने संस्कृति आफै बृहत्तर आर्थिक, राजनीतिक आदि कारणहरुबाट विकसित भएको हो। यसरी नै वर्तमान युगमा देश र समाज एकल राष्ट्रिय होइन, बहुसांस्कृतिक समुदायबाट बनेको हो, जो सांस्कृतिक परम्परामा भिन्न भिन्न भएपनि जीवनयापनको भौतिक आवश्यकतामा समान र साझा हुन्छन्।

नेपालमा बहुदलियकालमा यो उत्तर आधनिक चेतनाको आधार तयार भएको थियो। माओवादीहरुको जनयुद्धले उत्पीडित वर्ग र उत्पीडित समुदायहरुको साझा र एकताबद्ध संघर्षको चेतनाको विकास गराएको थियो। तर नेपाली समाजमा नवसाम्राज्यवादी संस्कृतिले उपभोक्तावाद तथा कथित उत्तर आधुनिकतावादी प्रवृत्तिहरुलाई जसरी प्रोत्साहित गरिरहेको छ, त्यसले धर्म, जाति, संस्कृति र जीवनमूल्यको आधारमा समेत समाजलाई खण्डित गरिरहेको छ। यसका अतिरिक्त आफूलाई नयाँ विचारका पक्षधर बौद्धिकहरुले जसरी जीवनमा प्रत्यक्ष सरोकार राख्ने आर्थिक राजनीतिक अधिकारका विषयहरुलाई उपेक्षा गरेर नस्ल, धर्म, जाति र पुरातन अमानवीय (दैवीय) र अनुपयुक्त परम्परामाथी गर्व गरिरहेका छन्, त्यसले समाजलाई निर्विचार बनाउँदै लगिरहेको छ। यस्तोमा बहुसांस्कृतिक समाजलाई मानवीय अधिकारप्रति सचेत बनाउनको निम्ति साझा राजनीतिक प्रतिबद्धताको आधारमा एकीकृत गर्नु पर्छ। वस्तुतः कुनैपनि विचार कति आधुनिक छ भन्ने तथ्य सामाजिक समृद्धि र मानवीय चेतनाको हार्दिकता निर्माणमा कति उपयुक्त छ भन्नेमा निर्भर गर्छ। र निश्चय नै 'आफ्नो भलो होस जय कमला' अर्थात निजी सुख, निजी लाभ र निजी सम्पत्तिलाई प्रोत्साहन र सामूहिकताका विचार र प्रवृत्तिहरुको उपेक्षा, न त मानवीय हुनसक्छ, न त आधुनिक नै। यस्तो किन भनियो भने मानिसको चेतनाको विकास सामाजिकताबाट भएको हो र सबै ऐतिहासिकरुपमा एक अर्काबाट जोडिएका छन्।

# हिउँ रहे पो हिमालचुली !

**रामबहादुर थापा**

"जाडोको खासै महसुस गर्न नपाई हिउँद बित्यो", म्याग्दीको अन्नपूर्ण गाउँपालिका-६ घोरेपानीका डमबहादुर पुनले भन्नुभयो, "पोहोर र अहिले घोरेपानी-पुनहिलमा हिउँ नै परेन।" ३२ सय १० मिटर उचाइको पुनहिल केही वर्षअघिसम्म हिउँले छपक्कै ढाकिने गरेको उहाँले सुनाउनुभयो। पुनहिलबाट आँखैअघि देखिने हिउँचुचुरा पनि पहिले झैं सेताम्मे देखिन छाडेको पुनको भनाइ छ।

"हिउँदमा हल्काफुल्का हिउँले ढाकेपनि वर्षात्मा त हिमाल पनि फुस्रा र काला देखिन्छन्", ७० वर्षीय उहाँले भन्नुभयो, "हामीले हेर्दाहेर्दै हिमालबाट हिउँ घटिरहेको छ, यसरी हिउँ निथ्रिदै गए हिमाल कसरी जोगिएलान् र ? हिउँबिनाको हिमाल के हिमाल !" पुनले भने झैं हिउँ छ र पो हिमालहरु छन्। हिउँबिना त ति केबल नाङ्गा र उजाड कालापत्थर न हुन्।

पर्यटन व्यवसायी जुली पुनका भनाइमा हावापानीमा आएको फेरबदलले घोरेपानी-पुनहिलको पर्यटन क्षेत्रलाई पनि असर पुऱ्याइरहेको छ। "केही दिनयता तुँवालो मडारिएर हिमाल खुलेको छैन, दोस्रो मुख्य पर्यटकीय याम भएर पनि पर्यटकीय चहलपहल कम छ", उहाँले भन्नुभयो, "पहिलेपहिले हिउँ खेल्न पर्यटक आउँथे, पछिल्लो समय हिउँ पनि पर्न छोड्यो, फासफुस परिहाल्यो भने पनि उतिखेरै बिलाउँछ।"

स्वच्छ र शान्त वातावरणमा हिमाल नियाल्न पर्यटक पुनहिल आउने गरेको जुलीले बताउनुभयो। "विश्वका दस अग्ला हिमालमध्येमा पर्ने अन्नपूर्ण, धवलागिरि, मनाश्लुलगायत एकैसाथ दर्जनौं हिमाल यहाँबाट देख्न सकिन्छ, घोरेपानी-पुनहिलको पर्यटन नै प्रकृति र हिमालका कारण टिकेको छ", उहाँले भन्नुभयो, "हिमालको सौन्दर्य र शोभा हराउँदै गए त्यसको प्रत्यक्ष असर पर्यटन क्षेत्रमा पनि पर्छ।"

जलवायु विज्ञ डा बिमल रेग्मीले विश्वव्यापी तापक्रम वृद्धिका कारण हिमालय क्षेत्रमा सङ्कट गहिरिँदै गएको बताउनुभयो। अहिलेकै गतिमा हिउँ पग्लिँदै गएमा आउँदा केही दशकमा नेपालका हिमालहरु कालापत्थरमा परिणत हुने उहाँको भनाइ छ। विश्वव्यापी तापक्रम वृद्धिलाई १.५ डिग्री सेल्सियसमा सीमित पार्दा पनि यही शताब्दीको अन्त्यसम्ममा हिन्दुकुश-हिमालय क्षेत्रको ३६ प्रतिशत हिउँ भण्डार रित्तिने अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द (इसिमोड)को अध्ययनले देखाएको डा रेग्मीले बताउनुभयो।

"अहिले नै विश्वव्यापी तापक्रम १.१ डिग्री सेल्सियसले वृद्धि भएकामा पृथ्वीको तापमान दुई डिग्रीले बढ्ने हो भने हिमालय क्षेत्रको आधा हिउँ सकिने उक्त अध्ययनको निचोड छ", डा रेग्मीले भन्नुभयो, "हरित ग्यास उत्सर्जनलाई नियन्त्रण गर्न विश्वले कदम उपयुक्त नचाल्ने हो भने हिमालय क्षेत्रमा गम्भीर सङ्कट निम्तने खतरा छ, कुनै दिन हिमालको अस्तित्व नै नासिन सक्छ।"

उहाँका अनुसार सन् २०१५ मा भएको पेरिस सम्झौतामा संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तनसम्बन्धी महासन्धीका पक्ष राष्ट्रहरुले विश्वव्यापी तापक्रम वृद्धिलाई १.५ डिग्री सेल्सियसमा सीमित पार्ने र २ डिग्री सेल्सियसभन्दा बढ्न नदिने सहमति गरेका थिए। पृथ्वीको तापमान बढ्नुको मुख्य कारण हरित ग्याँसको उत्सर्जन रहेको डा रेग्मीको भनाइ छ। "कार्बनडाइअक्साइड, मिथेन जस्ता मानवउत्सर्जित हरितगृह ग्यासले सूर्यको तापक्रम सोसेर राख्ने हुँदा पृथ्वीको तापक्रम बढ्छ", उहाँले भन्नुभयो, "विश्वव्यापी तापमान वृद्धिका कारण निम्तिएको जलवायु सङ्कटको ठूलो मार हिमालय क्षेत्रमा परिरहेको छ।"

हिमालय क्षेत्रको तापक्रम अन्य क्षेत्रको भन्दा पाँच गुणा बढी अर्थात् बर्सेनि ०.००६ प्रतिशतले बढिरहेको डा रेग्मीले बताउनुभयो। "जलवायुजन्य प्रकोपका घटना हिमालय क्षेत्रमा बढी भइरहेका छन्, हिउँ पग्लेर हिमताल बन्ने क्रम बढ्दो छ, हिमनदी सुक्दै गएका छन्, हिमालको पारिस्थितिकीय प्रणालीमा उथलपुथल भइरहेको छ", उहाँले भन्नुभयो, "जलवायु परिवर्तनका कारण पानीको चक्र फेरिएको छ, मनसुन ढिलो हुने, हिउँ नपर्ने, कुनैबेला हाँडीघोप्टे वर्षा हुने जस्ता समस्या देखिइरहेका छन्।"

डा रेग्मीले हिमालबाट हिउँ हराउँदै गएमा पानीमा आधारित कृषि र जनजीवनमा ठूलो असर पर्ने बताउनुभयो। हिमालय क्षेत्र दक्षिण एसियाका झण्डै दुई अर्ब मानिसको पानीको स्रोत रहेको उहाँको भनाइ छ। "हिमालमा हिउँ नरहे, नदीका स्रोत सुक्छन्, त्यसले तल्लो तटीय क्षेत्रका बासिन्दाको जीविकोपार्जनदेखि खानेपानी, सिँचाइ, कृषि आदिमा भयानक सङ्कट निम्तिन्छ", डा रेग्मीले भन्नुभयो।

जलवायुजन्य घटना र हानीनोक्सानीका कारण नेपालको कुल ग्राहस्थ उत्पादनमा वार्षिक दुई दसमलव पाँच प्रतिशतले ह्रास आइरहेको डा रेग्मीले बताउनुभयो। "यो शताब्दीको अन्त्यसम्ममा १० देखि १२ प्रतिशतसम्म ह्रास हुने वन तथा वातावरण मन्त्रालयको अध्ययनले देखाएको छ", उहाँले भन्नुभयो। डा रेग्मीले प्राकृतिक स्रोतमाथिको मानवीय



© RSS

अतिक्रमणका कारण विश्वले जलवायु सङ्कटको सामना गरिरहेको बताउनुभयो।

"हाम्रो पूर्वाधार विकास जलवायु र वातावरणमैत्री छैन, विकासको लगानी सुरक्षित छैन, विनाशकारी विकासले पुऱ्याएको असर भयाभह छ", उहाँले भन्नुभयो, "जलवायु सङ्कटसँग जुध्न सरकारले छुट्टै संस्थागत संरचना खडा गर्नुपर्छ, नीति र कानुनको प्रभावकारी कार्यान्वयनको खाँचो छ।" जलवायु न्यायको विषय रहेको भन्दै उहाँले पर्यावरण संरक्षणमा अन्तर्राष्ट्रिय स्रोत जुटाउन सरकारले पहल लिनुपर्ने बताउनुभयो। "अन्तर्राष्ट्रियस्तरका जलवायु तथा वातावरण कोषमा नेपालले पहुँच पुऱ्याउनु आवश्यक छ, जलवायुको विषयलाई सरकारले आफ्नो नीति तथा कार्यक्रममा मूल प्रवाहीकरण गर्नुपर्छ", उहाँले भन्नुभयो। विकसित देशका कारण नेपालले जलवायु सङ्कटको सामान गरिरहनुपरेको डा रेग्मीको भनाइ छ।

संरक्षणविद् डा घनश्याम गुरुङले पृथ्वीको तापक्रम वृद्धि र धुवाँधूलोका कारण हिमाल पग्लिरहेको बताउनुभयो। "हिमालहरु यसरी नै पग्लँदै गए माउण्टेन क्लाइम्बिङ कुनै दिन रक क्लाइम्बिङमा फेरिन सक्छ", उहाँले भन्नुभयो, "जलवायु परिवर्तनको असर न्यूनीकरणका उपाय अपनाउनु र यससँग अनुकूलन हुनुको विकल्प हामीसँग छैन।" पृथ्वीको बढ्दो तापमानलाई रोक्न स्वच्छ उर्जाको प्रयोग बढाउनुपर्ने उहाँको भनाइ छ।

डा गुरुङले कार्बन उत्सर्जनमा नेपालको योगदान नभए पनि जलवायु परिवर्तनको विश्वव्यापी असरबाट बच्न स्थानीय तवरबाटै योजना बनाउनुपर्ने धारणा राख्नुभयो। "जलवायु परिर्तनमा विकसित देशको मात्र दोष छ, नेपालको केही भूमिका छैन भनेर हामी चुप लागेर बस्नुहुँदैन", उहाँले भन्नुभयो, "अन्तर्राष्ट्रिय समुदायमा आवाज उठाउन पनि हामीसँग नैतिक धरातल चाहिन्छ।"

नेपालले खनिज तेलको खपत घटाएर स्वच्छ उर्जाको प्रयोगलाई बढाउनुपर्ने उहाँको भनाइ छ। जीविकोपार्जन तथा बसाइसराइँविद् डा अमिना महर्जनले जलवायु परिवर्तनले नेपालमा मात्र नभएर सिङ्गो हिन्दुकुश क्षेत्रकै हिमालहरु सुख्खा बन्दै गएको बताउनुभयो। "जलवायु परिवर्तनले पर्यावरण, कृषि, पर्यटन, स्वास्थ्यलगायत यावत क्षेत्रमा प्रत्यक्ष/अप्रत्यक्ष असर पुऱ्याइरहेको छ", उहाँले भन्नुभयो, "जलवायु परिवर्तनको प्रभाव अझ बढ्दै जान्छ, घट्दैन तसर्थ यससँग अनुकूलन हुनुबाहेक अर्को विकल्प छैन।"

पृथ्वीको तापमान वृद्धि हुँदै जानुमा नेपालको कुनै भूमिका नभएपनि यसको परिणाम भने भोग्नुपरिरहेको डा महर्जनले बताउनुभयो। केही महिनाअघि मुस्ताङको कागबेनीमा आएको बाढी, सन् २०१२ मा हिमपहिरोका कारण सेती नदीमा आएको बाढी त्यसकै उदाहरण भएको उहाँले बताउनुभयो। "जलवायु परिवर्तनका कारण स्वास्थ्य क्षेत्रमा परेको प्रभावबारे कम बहस हुने गरेको छ, खासै अनुसन्धान पनि भएको छैन", डा महर्जनले भन्नुभयो, "नयाँनयाँ जनस्वास्थ्यका समस्या निम्तिरहेका छन्, रोग विस्तार भएका छन्।"

उहाँले जलवायु अनुकूलन योजनाका लागि सरकार र अन्तर ाष्ट्रिय क्षेत्रबाट न्यून मात्र मद्दत आउने गरेको उल्लेख गर्नुभयो। "जति प्रयास स्थानीय समुदायबाट भएको छ, सरकारबाट त्यति हुन सकेको छैन, 'लस एण्ड ड्यामेज फण्ड'का लागि पनि नेपाल सरकारले अन्तर्राष्ट्रियस्तरमा आवाज उठाउनुपर्छ", डा महर्जनले भन्नुभयो। जलवायु परिवर्तन र खाद्य सुरक्षामा अनुसन्धानरत डा जगन्नाथ अधिकारीले हिमालको सम्बन्ध नेपाली संस्कृतिसँग पनि जोडिएको बताउनुभयो।

"बिहानै हिमाल हेर्यो भने दिन पवित्र हुन्छ भन्ने मान्यता छ, विभिन्न देवीदेउताका नामबाट पनि हिमाललाई पुकारिन्छ", उहाँले भन्नुभयो, "हिमालय क्षेत्र मानिसको जनजीवन र संस्कृतिसँग प्रत्यक्ष जोडिएको छ, हिउँ नरहे हाम्रा सांस्कृतिक परम्परा पनि हराउन सक्छन्।" हिउँ पग्लँदै गएपछि पोखराबाट देखिने हिमालको सुन्दरता पनि विस्तारै खस्कँदै गएको डा अधिकारीले बताउनुभयो।

हावापानीमा आएको परिवर्तनका कारण कृषि उत्पादन कम हुने, बालीनालीमा रोगकिराले सताउने जस्ता समस्या बढीरहेको उहाँले बताउनुभयो। "कृषि उत्पादन घट्दा खाद्य सुरक्षामा पनि असर पुग्छ, मुस्ताङ, मनाङ जस्ता हिमाली जिल्लामा त हिउँ नपरेसम्म खेती बाली नै हुँदैन", डा अधिकारीले भन्नुभयो, "प्राकृतिक विपद्को पनि उस्तै जोखिम छ, जलवायु परिर्वतनका बहुअसर छन्।" उहाँले जलवायु परिवर्तनसँग जुध्न नेपालले अन्तर्राष्ट्रिय सहयोग जुटाउनुपर्ने धारणा राख्नुभयो।

'कालीगण्डकी बचाऔं अभियान'का संयोजक आरके अदीप्त गिरीले हिन्दुकुश-हिमालय क्षेत्र विश्वमै पानीको तेस्रो ठूलो स्रोत रहेको बताउनुभयो। "पृथ्वीको बढ्दो तापक्रमलाई नियन्त्रण गर्न नसकिए हिमनदी नै हराउने चेतावनी वैज्ञानिक र भूगर्भविद्हरुले दिएका छन्", उहाँले भन्नुभयो, "हाम्रा हिमालहरुले झेलिरहेको सङ्कट डरलाग्दो छ, हिमपहिरो, बाढीजस्ता अतिशय घटना भइरहेका छन्।"

# सङ्क्रमणकालीन न्याय सम्बन्धी विधेयकलाई छिट्टै निष्कर्षमा पुऱ्याइने छ : मन्त्री गिरी

**काठमाण्डु** । कानुन न्याय तथा संसदीय मामिलामन्त्री पदम गिरीले सरकारले सङ्क्रमणकालीन न्याय सम्बन्धी विधेयकलाई छिट्टै निष्कर्षमा पुऱ्याउनका लागि अध्ययन गरिराखेको बताउनुभएको छ।

जवाफदेहिता निगरानी समितिका संयोजक राजुप्रसाद चापागाईंसहित विभिन्न सङ्घसंस्थाका तर्फबाट बुझाएको मागपत्र ग्रहण गर्दै उहाँले सर्वोच्च अदालतको फैसला, पीडितको भावना, अन्तर्राष्ट्रिय सन्धि सम्झौता सबैलाई मान्य हुने गरी सङ्क्रमणकालीन ऐन संशोधन गर्ने र यसका लागि सबैसँग छलफल र सम्वादबाट नै निष्कर्ष निकालिने जानकारी दिनुभयो । मागपत्रमा सिफारिस समितिको गठन तथा पदाधिकारी छनौट प्रक्रियाको सवालमा संशोधनको प्रस्ताव समेटिएको विधेयक अहिले प्रतिनिधिसभामा विचाराधीन रहेको भन्नेलगायत विधेयकको विद्यमान हैसियतका बारेमा जानकारी गराउने रहेको छ।



सर्वोच्च अदालतकै पूर्ण इजलासले सुमन अधिकारीको मुद्दामा गरेको आदेशले निर्दिष्ट गरे अनुरुप कानुन संशोधनको उद्देश्यले सरकारले संसद्मा दर्ता गराएको विचाराधीन संशोधन विधेयक संसद्बाट टुङ्गो लागे पश्चात् अविलम्ब आयोगका पदाधिकारी छनौटको प्रक्रिया प्रारम्भ गर्न सरकार तयार रहेको जानकारी गराउने भन्ने रहेको छ।

सङ्क्रमणकालीन न्यायसम्बन्धी कानुन संशोधन पश्चात मात्रै आयुक्त नियुक्ति प्रक्रिया थाल्न तथा द्वन्द्वकालीन उल्लङ्घनको छानबिन आयुक्तको मातहतमा मात्रै हुने गरी प्रबन्ध गर्न मागपत्रमा आग्रह गरिएको छ। मागपत्रमा संशोधनका विषयमा संसद्भित्र र बाहिरका सबै सरोकारवालाको चिन्ता र सरोकारलाई यथासक्य सम्बोधन गरी संसद्बाट विधेयक पारित गरी सङ्क्रमणकालीन न्याय प्रक्रियालाई गति दिनका लागि सहजीकरण गर्ने कुरालाई सरकारले उच्च प्राथमिकतामा राखेको बारेमा जानकारी गराउने उल्लेख गरिएको छ।

कर्मचारीको तहबाट प्रारम्भिक छानबिन गर्न पाउने गरी 'आवश्यक र उपयुक्त प्रबन्ध' सुनिश्चित गर्नका लागि ऐन संशोधन लगायतका विकल्पका बारेमा सरकारले सरोकारवालाहरूसँग परामर्श थाली सकेको र परामर्शको निचोडको आधारमा ठोस धारणा बनाएर अगाडि बढ्ने कुरालाई प्राथमिकतामा राखेको बारेमा जानकारी माग पत्रका उल्लेख छ।

"विगतमा जे कारणले सङ्क्रमणकालीन न्याय प्रक्रिया 'डिरेल' भएको थियो त्यही अवस्था फेरी दोहोऱ्याउनु बिडम्वनापूर्ण हुन जान्छ", निगरानी समितिका संयोजक चापागाईंले भन्नुभयो, "क्रमशः वैधता आर्जन गर्दै गएको संसद्मा विचाराधीन संशोधन विधेयकलाई परिमार्जन गरी टुङ्गोमा पुऱ्याउने कुराले मात्रै समुच्च न्यायिक नजिर तथा सिद्धान्तहरूको पालनालाई मार्ग प्रशस्त गर्दछ, यस कुरालाई हेक्का राख्न जरुरी छ।" सोमबार महान्यायाधिवक्ता डा दिनमणि पोखरेल र कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव फणिन्द्र गौतमलाई भेटेर उक्त टोलीले माग पत्र बुझाएको छ।रासस

# गृहमन्त्री र विश्व बैङ्कका देशीय निर्देशक बीच शिष्टाचार भेट

**टुडे समाचारदाता**

काठमाण्डु । गृहमन्त्री रवि लामिछाने र विश्व बैङ्कका देशीय निर्देशक फारिस हदाद जेर्भोसबीच सोमबार शिष्टाचार भेटघाट भएको छ । सोमबार गृह मन्त्रालयमा भएको भेटमा जेर्भोसले नेपालमा सञ्चालनमा रहेका, निर्माणाधीन अवस्थामा रहेका र परियोजना सम्भाव्यता अध्ययन भइरहेका ठूला जलविद्युत् परियोजनाबाट हुन सक्ने विपद् जोखिमलाई दृष्टिगत गर्दै विस्तृत विपद् जोखिम न्यूनीकरण परियोजना र तिनै तहका सरकारका संस्थागत क्षमता विकासमा सहयोग गर्न इच्छुक रहेको बताए । उपप्रधान एवं गृहमन्त्री लामिछानेलाई सफल कार्यकालको शुभकामना व्यक्त गर्दै उहाँले विश्व बैङ्कले सामाजिक संरक्षण, 'डिजिटलाइजेसन' तथा विपद् व्यवस्थापन समेतका क्षेत्रमा सहयोग गर्न पाएकाप्रति खुसी अभिव्यक्त गरे।



उपप्रधान तथा गृहमन्त्री लामिछानेले विश्व बैङ्कले नेपाललाई भूकम्पपश्चात् पुनःनिर्माण, सामाजिक संरक्षण, विपद् व्यवस्थापनलगायत विभिन्न क्षेत्रमा गर्दै आएको सहयोगका लागि आभार प्रकट गरे । उनले नेपाल र विश्व बैङ्कबीच हुने सहकार्यलाई सहज एवं प्रभावकारी बनाउन विगतमा भए/गरेका समझदारीपत्र, सम्झौता,प्रतिबद्धतातथासंवादको पुनरावलोकन गर्दै आगामी दिनमा सबल र प्रभावकारी सहकार्य हुने विश्वास व्यक्त गरे।

मन्त्री लामिछानेसँग सोमबारै संयुक्त राष्ट्र सङ्घीय शरणार्थीसम्बन्धी उच्च आयोग (युएनएचसिआर) का देशीय प्रतिनिधि क्यारोलिन स्पान्नथबर्माले पनि शिष्टाचार भेटवार्ता गरे । उपप्रधानतथा गृहमन्त्री लामिछानेले नेपालको शरणार्थी मामिलालाई व्यवस्थित गर्न युएनएचसिआरले विभिन्न समयमा निर्वाह गरेको भूमिकाको प्रशंसा गरे । उनले शरणार्थी मामिलाका सन्दर्भमा आइपर्ने विभिन्न विषयमा परस्पर समन्वय र सहकार्य गर्न मन्त्रालय सधैँ तयार हुने प्रतिबद्धता गरे।

बर्माले मन्त्री लामिछानेलाई बधाई तथा नयाँ कार्यकालको शुभकामना दिँदै लामो समयदेखि युएनएचसिआर र गृह मन्त्रालयबीच शरणार्थी मामिलाका सम्बन्धमा सौहार्द्रपूर्ण समन्वय र सहकार्य हुँदै आएकामा खुसी पनि व्यक्त गरे।

# बागमतीका मुख्यमन्त्रीलाई विश्वासको मत प्राप्त



**टुडे समाचारदाता**

हेटौंडा । नेपाली कांग्रेसले विपक्षमा मतदान गरेपनि बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले विश्वासको मत पाएका छन् । प्रदेशसभामा ५६ जना सांसदको मत प्राप्त गर्दै उनले विश्वासको प्राप्त गरेका हुन्।

मुख्यमन्त्री जम्कट्टेलले प्रदेशसभामा रहेका एक सय १० सदस्यमध्ये बहुमत सदस्य ५६ जनाको मत प्राप्त गरेका हुन्। एक सय आठजना प्रदेशसभा सदस्य उपस्थित भएकामा उनलाई सत्ता गठबन्धन दल नेकपा (एमाले) का २७, नेकपा (माओवादी केन्द्र) को २१, नेकपा (एकीकृत समाजवादी) को सात र हाम्रो नेपाली पार्टीका एक गरी ५६ जनाले विश्वासको मत दिएका छन् । त्यस्तै, नेपाली कांग्रेसका ३७ जना सांसदले विश्वासको मतको विपक्षमा मतदान गरेका छन् । राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल र नेपाल मजदुर किसान पार्टी तटस्थ बसेको छ । राप्रपा नेपालको सभामुखबाहेक १२ र नेमकिपाको तीन मत रहेको छ । प्रदेशसभामा हाम्रो नेपाली पार्टीका एक सदस्य अनुपस्थित भएका छन्।

पहिलो र दोस्रो पटक सजिलै विश्वासको मत पाउनुभएका मुख्यमन्त्री जम्कट्टेलले यसपटक विश्वासको मत लिने अन्तिम समयसम्म बहुमत सदस्य जुटाउन कसरत गर्नुपरेको थियो । नेपाल कम्युनिष्ट पार्टी (एकीककृत समाजवादी)लाई मुख्यमन्त्री आलोपालो गर्ने सहमतिपछि विश्वासको मत दिन तयार भएको बताइएको छ । दुई प्रदेशसभा सदस्य रहेको हाम्रो नेपाली पार्टीबाट शैलेन्द्र बज्राचार्यले मात्र विश्वासको मत दिएका छन्।

सरकारमा सहभागी दलले समर्थन फिर्ता लिएमा नेपालको संविधानको धारा, १८८ को उपधारा २ अनुसार मुख्यमन्त्रीले प्रदेश सरकारमा सहभागी दलले आफ्नो समर्थन फिर्ता लिएमा ३० दिनभित्र विश्वासको मत लिनुपर्ने व्यवस्था छ । कांग्रेसले विश्वासको मत फिर्ता लिएको चैत २२ गते ३० दिन पुग्दैछ । यसअघि पहिलोपटक एमाले, माओवादी केन्द्र, राप्रपा, एकीकृत समाजवादी र हाम्रो नेपाली पार्टीका ७० प्रदेशसभा सदस्यको समर्थमा २०७९ साल पुस २५ गते मुख्यमन्त्री बनेका थिए। सङ्घ सरकारमा समीकरण परिवर्तनसँगै उनले दोस्रोपटक २०७९ साल चैत १० गते विश्वासको मत लिएका थिए।

## जनताको हितलाई केन्द्रमा राखेर काम गर्न उर्जा मन्त्रीको निर्देशन



**टुडे समाचारदाता**

काठमाण्डु। ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले जनताको हितलाई केन्द्रमा राखेर काम गर्न कर्मचारीहरुलाई निर्देशन दिएका छन्।

मन्त्रालयमा सोमबार आयोजित ऊर्जा सचिव गोपालप्रसाद सिग्देलको बिदाइ समारोहलाई सम्बोधन गर्दै उनले कर्मचारी स्थायी सरकार भएकाले कर्तव्य, जिम्मेवारी निर्वाह गर्दा देश र जनताको हितलाई केन्द्रमा राख्नुपर्ने बताए। विषयवस्तुमाथिको ज्ञान, क्रियाशीलता तथा तत्परताले जटिल कामलाई सम्पन्न गर्न सकिने भएकाले त्यसमा विशेष ध्यान दिनुपर्ने उनको भनाइ थियो। विषयविज्ञताको हिसाबले केही अब्बल सचिवमध्ये सचिव सिग्देलको भूमिका मन्त्रालयमा महत्वपूर्ण रहेको मन्त्री बस्नेतले स्मरण गरे।

विसं २०७९ फागुनमा जलस्रोत तथा सिँचाइ सचिवका रुपमा कार्यभार सम्हालेका सिग्देल पछिल्लो तीन महिनादेखि ऊर्जा सचिवको भूमिकामा रहेका थिए। सरकारको पछिल्लो निर्णयअनुसार, उनलाई भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको सचिवमा सरुवा गरिएको छ। सो कार्यक्रममा जलस्रोत तथा सिँचाइ सचिव सुशीलचन्द्र तिवारी र जल तथा ऊर्जा आयोगका सचिव सरिता दुवाडीले नयाँ जिम्मेवारी सफलतापूर्वक कार्यान्वयन गर्न सचिव सिग्देल सफल हुने विश्वास व्यक्त गरे।

# नागरिकमा आशा जगाउने सरकारको उदेश्य रहेको मन्त्री भण्डारीको भनाई



**टुडे समाचारदाता**

काठमाण्डु । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री दामोदर भण्डारीले नागरिकमा आशा जगाउने सरकारको मुख्य उदेश्य रहेको बताएका छन्।

प्रतिनिधिसभाको सोमबारको बैठकमा 'विद्युतीय व्यापार विधेयक, २०८० माथि विचार गरियोस' भन्ने प्रस्तावमाथिको सैद्धान्तिक छलफलका क्रममा उठेका प्रश्नको जवाफ दिदै मन्त्री भण्डारीले सो कुरा बताएका हुन्।

मन्त्री भण्डारीले यो कानुन आजको आवश्यकता र समय सान्दर्भिक पनि रहेको बताए।

उनले उद्यमशितालाई प्राथमिकता दिँदै कारोबारलाई विश्वसनीय बनाउन, व्यवसायको वर्गीकरण गर्ने विषयमा सांसदहरुले दिएको साझा मतलाई आत्मसाथ गरिने बताए। युवालाई नयाँ व्यवसायमा प्रोत्साहित गर्ने मत सकारात्मक भएको उल्लेख गर्दै मन्त्री भण्डारीले नवप्रवर्तनसम्बन्धी नीति सरकारको प्राथमिकतामा रहेको बताए । नियमन गर्ने सन्दर्भमा नियन्त्रण हुन्छ कि भन्ने सुझावप्रति पनि ध्यानकर्षण भएको उनको भनाइ थियो।

मन्त्री भण्डारीले सदनमा उठेका सुझावप्रति धन्यवाद दिदै अब संसदीय समितिमा दफावार छलफल गरी विधेयकलाई समृद्ध बनाइने बताएका थिए। राष्ट्रिय सभामा उत्पत्ति भएको उक्त उक्त प्रस्ताव प्रतिनिधि सभाको बैठकले बहुमतले स्वीकृत गरेको छ।

> मन्त्री भण्डारीले यो कानुन आजको आवश्यकता र समय सान्दर्भिक पनि रहेको बताए ।

प्रस्तावमाथिको छलफलमा सांसदहरु प्रदीप पौडेल, रघुजी पन्त, शिशिर खनाल, महेन्द्रबहादुर शाही, सोविता गौतम, रञ्जुकमारी झा, डा स्वर्णीम वाग्ले, चन्दा कार्की, राजेन्द्रकुमार केसी, विद्या भट्टराई, गणेश पराजुली, मेटमणि चौधरी, ज्ञानु बस्नेत सुवेदी, निशा डाँगी, शेरबहादुर कुँवर, अशोककुमार चौधरी, नारायणी शर्माले आफ्नो धारणा राखेका थिए।

साथै सांसदहरु असिम शाह, दिलेन्द्रप्रसाद बडु, मनिष झा, सरिता भुसाल, माधव सापकोटा, किरणकुमार साह, रमा कोइराला, प्रेम सुवाल, दुर्गा राई, लालप्रसाद सावा लिम्बु, नागिना यादव, बासुदेव घिमिरे, दामोदर पौडेल वैरागी, रामप्रकाश चौधरी, प्रतिमा गौतम, विमला सुवेदी, नारायणप्रसाद आचार्य, अमृतलाल राजवंशी, हितराज पाण्डेले पनि भनाइ व्यक्त गरेका थिए।

बैठकमा सोमबारै सभामुख देवराज घिमिरेले संसदको संयुक्त समिति अन्तर्गतको संसदीय सुनुवाई समितिमा पदम गिरीको स्थानमा सुनिता बरालको नाम हेरफेर गर्न सभाको सहमतिका लागि प्रस्ताव गर्नुभएको थियो।

उक्त प्रस्तावमा बैठकले सहमति जनाएको थियो । बैठकमा सभामुखले राष्ट्रपति कार्यालयबाट प्राप्त विधेयक प्रमाणीकरणसम्बन्धी पत्रको व्यहोरा पढेर सुनाएका थिए।

# सांसदद्वारा खुल्ला कारागार नीति माग

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का सांसद रामकुमार राईले देशभर ३२ हजारको संख्यामा कैदीबन्दीहरु उल्लेख गर्दै खुल्ला कारागारको नीति ल्याएर सुधार गर्नुपर्ने धारणा राखेका छन्।

प्रतिनिधीसभाको सोमबारको बैठकमा जनता समाजवादी पार्टी नेपालका सांसद प्रदीप यादवले विभिन्न घटनाका सम्बन्धमा गठित छानबिन समितिहरुले प्रभावकारी ढङ्गले काम गर्न नसकेको भन्दै सरकारले लगानी गरेर बनाएको छानबिन समितिको प्रतिवेदन कार्यान्वयन गर्न सरकारको ध्यानाकर्षण गराएका थिए।

जनमत पार्टीका सांसद गोमा लाभ (सापकोटा)ले देशका अधिकांक कारागाराको अवस्था नाजुक रहेको भन्दै सबै कारागारको अनुगमन गरी आवश्कताभन्दा बढी कैदीबन्दीलाई एकै ठाउँमा नराख्न सरकारको ध्यानाकर्षण गराए । त्यसैगरि लोकतान्त्रिक समाजवादी पार्टी नेपालका सांसद रामप्रकाश चौधरीले नेपालको विकास, आर्थिक अवस्था सुधार गर्न नोटबन्दी गरी नयाँ नोट प्रचलनमा ल्याउन आवश्यक रहेको बताए।

बैठकमा आम जनता पार्टीका सांसद प्रभु साहले हचुवाको भरमा सडक निर्माण गर्दा धेरै सडकको अवस्था दयनीय भएको र ठूलो बजेट सडकमा खर्च हुने तर निर्माण कहिले पनि सम्पन्न नहुने विषय भएकोप्रति सरकारको ध्यानाकर्षण गराएका थिए। त्यस्तै नेपाली कांग्रेसका सांसद तेजुलाल चौधरीले तराई मधेसमा शिक्षकको दरबन्दी कम हुँदा शिक्षाको गुणस्तरमा राम्रो नसकेको भन्दै सरकारले उक्त विषयमा गम्भीररुपमा ध्यान दिन जरुरी रहेको बताए । नेपाली कांग्रेसका सांसद पुष्पबहादुर शाहले सरकारी प्रतिवेदनअनुसार सवारी दुर्घटनाका कारण औसत आठ जनाको मृत्यु र ८६ जना घाइते भएको देखिएको हुँदा त्यसलाई न्यूनीकरण गर्न सरकारको ध्यानाकर्षण गराएका थिए।

प्रतिनिधीसभाको बैठकमा नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का सांसद मेटमणी चौधरीले देशमा पछिल्लो समयमा सवारी दुर्घटनाका घटना बढिरहेका हुँदा वैकल्पिक यातायात खोजी गरी यातायातलाई सुरक्षित बनाउनुपर्नेमा जोड दिएका थिए भने नेपाल कम्युनिष्ट पार्टीका सांसद (एमाले) का दयालबहादुर शाहीले सुदुरपश्चिम क्षेत्र र कर्णाली प्रदेशमा आवतजातका लागि यात्रुहरुले अहिले पनि निकै सास्ती भोग्नुपरेको उल्लेख गर्दै पक्की सडक निर्माणका लागि आगामी आर्थिक वर्षका बजेटमा ध्यान दिन सरकारको ध्यानाकर्षण गराएका थिए।


## Janakpurdham Sub-Metropolitan City
### Office of the Municipal Executive
### Janakpurdham, Dhanusha
### Madhesh Province, Nepal

**Invitation for Electronic Bids**

Date of First publication: 2080-12-20 (2nd April, 2024)

Janakpurdham Sub-Metropolitan City Office, Janakpudham invites only electronic bids for the following goods under National Competitive Bidding (NCB) Procedure. For Further Information and More Details about the bid, Bidders may visit PPMO's website www.bolpatra.gov.np/egp

| Contract No. | Description of Work | Bid Security Amount | Last Date of Bid Submission | Bid Document Fee. |
|---|---|---|---|---|
| NCB/03-2080/81 GoodsJSMC | Supply and installation of Tree Guards | 60,000 | 03 May 2024 i.e. 2081/01/21 | 3000.00 |

**Chief Administrative Officer**

# राजश्री सेविङ्गस एण्ड क्रेडिट को-अपरेटिभ सोसाईटी लिमिटेड मलंगवा,सर्लाहीको

## ऋणीहरूको नामको ३५ (पैतिस) दिने म्याद पूर्जी

तपसीलमा उल्लेखित तपाई ऋणीले यस संस्थाबाट व्यापार ऋण उद्देश्यको लागी लिनु भएको ऋणको भाखा नाघिसकेको हुँदा सो ऋण बुझाउन पटक-पटक ताकेता पत्र पठाई सकिएकोमा हालसम्म पनि सो ऋण र समय - समयमा बुझाउनु पर्ने व्याज समेत नबुझाउनु भएकोले सहकारी ऐन २०७४ को दफा ७९ र सहकारी नियमावली २०७५ को दफा ३० (क) बमोजिम ३५ (पैतिस) दिने म्याद पूर्जी जारि गरिएको छ। उक्त म्याद पूर्जी पाएको मितिले बाटोको म्याद वाहेक ३५ दिन भित्र ऋणको साँवा र बुझाउने दिन सम्मको व्याज हर्जाना समेत तिर्न बुझाउन ल्याउनु होला। यदि सो ऋण बुझाई सकेको भए त्यसको प्रमाण पेश गर्नु होला। तोकिएको समय भित्र ऋण रकम नतिरेमा वा तिरी सकेको भए सो को प्रमाण पेश नगरेमा तपाईले दिनु भएको धितो सहकारी ऐन र नियमावली बमोजिम लिलाम विक्री गरी ऋण रकम, व्याज हर्जाना र लिलाम विक्री गर्दा लागेको सम्पुर्ण खर्च समेत तपाईवाट असुल उपर गरिने व्यहोरा यसै सुचना द्वारा जानकारी गराईन्छ।

**श्री सेवाकेन्द्र जलेश्वर, महोत्तरीको ब्यापार ऋण मिती २०८०.१२.०९ सम्मको हिसाब**

| क्र.सं. | फाईल नं. | ऋणीको नाम | ठेगाना | पिता/पतिको नाम | बाजे/ससुराको नाम | ऋण लिएको मिति | बाँकी साँवा | बाँकी ब्याज/हर्जाना | बाँकी साँवा ब्याज/हर्जाना |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | TD4305 | सपना सदा | जलेश्वर-११, पिपरा-३, हाल गा.पा.-४ | बेक्शिया माझी | शीबो सदा | १५/०५/२०७६ | २४९९२१.८३ | ३४२८१२.८१ | ५९२७३४.६४ |
| २ | TD4307 | बुटन सदा | पीपरा-३, हाल गा.पा.-४ | मोहना मुसहर | रमेशवर मुसहर | १७/०५/२०७६ | २९९९२१.७९ | ४३०३३५.७९ | ७३०२५७.५८ |
| ३ | TD4313 | आनन्दी देवी | सुगा-२, हाल जलेश्वर ना.पा.-४ | अनुरुध तिवारी | जुगेसवर तिवारी | २३/०५/२०७६ | ९९७६२४.०४ | १२६३८७४.०८ | २२६१४९८.१२ |
| ४ | TD4325 | महेश कुमार यादव/ रमेश राय यादव | रघुनाथपुर १, हाल सोनमा गा.पा.-३ | नारायण राय यादव | नेबत राय यादव | २७/०६/२०७६ | ९९९९५०.८ | ६९१२१३.७४ | १६९११६४.५४ |
| ५ | TD4329 | गया यादवबेनी | जलेश्वर -१ | राजदेव यादव | अबधी | २८/०६/२०७६ | ५००००० | ६३८५०६.६८ | ११३८५०६.६८ |
| ६ | TD4340 | नन्द किशोर मंडल | मटिहानी-६, हाल ना.पा.-७ | रामचंद्रा मंडल | भागली मंडल | ६/७/२०७६ | ९९९९००.६१ | १३६७६०२.१२ | २३६७५०२.७३ |
| ७ | TD4373 | मुमीना ख़ातुन | एकडरा बेला-८ | इसलाम कबारी | अमीन कबारी | २८/०७/२०७६ | ९९७९९२.०४ | २६८९२८.४१ | १२६६९२०.४५ |
| ८ | TD4405 | देवजित कुमार ठाकुर | जलेश्वर-१२ (थरुवाही) | राम कृपाल ठाकुर | हरीचंद्रा ठाकुर् | २०/०८/२०७६ | ९९९९५०.८ | १२६९०७०.८२ | २२६९०२१.६२ |
| ९ | TD4408 | सम्सुदीन अंसारी | बहेरा-जबड़ी-५, एकडरा गा.पा.-५ | सलीम अंसारी | सखबात अंसारी | २५/०८/२०७६ | ९९९६२४.०५ | २५६४१.५३ | १०२५२६५.५८ |
| १० | TD4410 | कबीता निरौल देवी | एकडरा -बेला-१ | देव नारायण मंडल | बिशेस्वर मंडल | २६/०८/२०७६ | ७००००० | ९५२४६७.४७ | १६५२४६७.४७ |
| ११ | TD4413 | महेन्द्र मंडल धानुक | कोल्हुवा बगैया -५ | हजारी मंडल धानुक | जयकारण मंडल | २७/०८/२०७६ | ८००००० | १०११२४६.३९ | १८११२४६.३९ |
| १२ | TD4418 | राम कृपाल यादव | रतबडा-७, महोत्तरी गा.पा.-४ | दशाई यादव | पलट यादव | २९/०८/२०७६ | २९९७२५.९८ | २३६२०८.७४ | ५३५९३४.७२ |
| १३ | TD4422 | मनोज यादव | भामरपुरा-९ | राज किशोर यादव | बलबोध यादव | ३०/०८/२०७६ | ३४८२१०५.२३ | ३६७९१४५.८७ | ७१६१२५१.१ |
| १४ | TD4449 | हेलीमा ख़ातून | कोल्हुवा बगैया -३, हाल एकडरा गा.पा.-५ | इदरीस ल़ाहेरी | अगहनु ल़हेरी | ८/९/२०७६ | ४२३५०६.३५ | २९६९६८.७८ | ७२०४७५.१३ |
| १५ | TD4451 | प्रमोद प्रसाद गुप्ता | जनकपुर ना.पा.-१० | सूर्या नारायण गुप्ता | राम लखन साह | ८/९/२०७६ | ५००००० | ६७१४०९.९२ | ११७१४०९.९२ |
| १६ | TD4458 | राम जीय मंडल | परसा-पतैली-६, हाल-जलेश्वर न.पा.-५ | बटोही मंडल | ग़रीब मंडल | ११/९/२०७६ | ४९९९३८.२७ | ५५१७९९.५८ | १०५१७३७.८५ |
| १७ | TD4460 | तेतरी देवी चमार | निगौल-९ | बेचन महरा चमार | लक्ष्मी महरा चमार | ११/९/२०७६ | ४९१९३६.५२ | २७८२५९.६६ | ७७०१९६.१८ |
| १८ | TD4475 | बची देवी | रतबडा-५, हाल महोतरी गा.पा.- ४ | सुकदेव पासमान | जिम्दार पासमान | १७/०९/२०७६ | ९९७८६०.७५ | २२८१६१.८२ | १२२६०२२.५७ |
| १९ | TD4493 | गोनौर राय | (हरिपुर्वा-१ सर्लाही), हाल-गौशाला न.पा.-८ | राम बेरिछ राय | सर्जुग राय | २४/०९/२०७६ | ६९३३२२.३८ | ८९३४१२.४३ | १५८६७३४.८१ |
| २० | TD4495 | शिव कुमारी देवी | बहेरा-जबड़ी-९, हाल-एकडरा गा.पा.-५ | राजेशवर मंडल | झपसी मंडल | २५/०९/२०७६ | ९९९९१८.४२ | १०८९०१२.६९ | २०८८९३१.११ |
| २१ | TD4497 | भरत ठाकुर लोहार | औराही-२, हाल न.पा.-१ | सियाराम ठाकुर लोहार | शिवधारी ठाकुर | २७/०९/२०७६ | १०००००० | १२९२९८४.९९ | २२९२९८४.९९ |
| २२ | TD4515 | राजेन्द्र यादव | लक्ष्मीनिया-४, हाल-गौशाला न.पा.-१० | जुगेश्वर यादव | बौकु यादव | ८/१०/२०७६ | ७००००० | ९१०००९.९३ | १६१०००९.९३ |
| २३ | TD4545 | कुस्मा देवी | मेघनाथ-गोरहन्ना-६ | प्रगास चौधरी | बिसनु चौधरी | १५/१०/२०७६ | ४००००० | ४३५३२२.०२ | ८३५३२२.०२ |
| २४ | TD4547 | बिरेन्द्र कुमार | जलेश्वर न.पा.-११, हाल-३ | मिथिलेश्वर कुमार | प्रयाग कुमार | १६/१०/२०७६ | ६००००० | ५२३७०६.५१ | ११२३७०६.५१ |
| २५ | TD4557 | अशोक कुमार यादव | बलबा न.पा.-८, हाल न.पा.-५ | बिन्देश्वर यादव | अनुचित यादव | २१/१०/२०७६ | ९९९९६२.४४ | ११२९८२८.४ | २१२९७९०.८४ |
| २६ | TD4559 | खेखनु सा हलुवाई | परसा-देवड़-४, हाल-सामसी गा.पा.-१ | सुखाई सह हलुवाई | फकीरा सह हलुवाई | २१/१०/२०७६ | १४९४९९७.३ | १३५१६६८.४५ | २८४६६६५.७५ |
| २७ | TD4575 | राम उदार राय | हलखोरी-८ | कीश्वर | हरीनांदन राय | २६/१०/२०७६ | ६२७६१८.५५ | ६४७६४०.६६ | १२७५२५९.२१ |
| २८ | TD4578 | राज किशोर महतो | डाम्ही मडई -९, महोत्तरी गा.पा.-४ | राम नारायण महतो पासी | मुनि महतो | २८/१०/२०७६ | ४००००० | ३९७२४५.६३ | ७९७२४५.६३ |
| २९ | TD4587 | राम ईश्वर राय | निगौल-५, हाल-गौशाला ना.पा.-२ | जीबच्चा राय | सुबी राय | २/११/२०७६ | ६६७६७८.२७ | ५७११३७.१६ | १२३८८१५.४३ |
| ३० | TD4590 | चन्देश्वर साह | सरपल्लो-७, हाल-औराही न.पा.-७ (भोइल ) | नथुनी साह | चालिटर साह | ४/११/२०७६ | ६९९४९०.८१ | ७४००९७.२२ | १४३९५८८.०३ |
| ३१ | TD4602 | राजेन्द्र यादव | फूलगामा ९ | हिट लाल यादव | नीरो यादव | ६/११/२०७६ | ८९९९८५.६ | ७८७७७२.१९ | १६८७७५७.७९ |
| ३२ | TD4607 | सुरेश यादव | पड़ौल-६, हाल-बलबा न.पा.-४ | जोधन यादव | तिलधारी यादव | ८/११/२०७६ | ७८६२४५.९८ | ९६२८७७.५४ | १७४९१२३.५२ |
| ३३ | TD4620 | सुरेन्द्र महतो | बिजलापुरा-१, हाल-बर्दिबास न.पा.-१२ | बासुदेव महतो | ललचन महतो | १५/११/२०७६ | १९७०००० | २१२००४५.२३ | ४०९००४५.२३ |
| ३४ | TD4623 | सोनाबती देवी | धमौरा-९, हाल-बलबा न.पा.-११ | राम प्रीत ठाकुर लोहार | बसु ठाकुर | १५/११/२०७६ | २०९२७७.८७ | १४६०८३.६६ | ३५५३६१.५३ |
| ३५ | TD4625 | शेख अन्वर | परसा देबाद-८, सामसी गा.पा.-२ | शेख हाफ़जि | शेख सुभान | १८/११/२०७६ | ५९९९९३.८८ | ४४५२६१.६७ | १०४५२५५.५५ |
| ३६ | TD4628 | श्री सूबध चमार | परिकौली-५, हाल जलेश्वर न.पा.-९ | श्री रौदी चमार | निरसु चमार | १९/११/२०७६ | १५०००० | १७६६५८.७९ | ३२६६५८.७९ |
| ३७ | TD4633 | मीना देवी यादव | सोनमा-७, हाल गा.पा.-२ | राम बरन राय यादव | राम सोगार्थ राय यादव | २१/११/२०७६ | ९९९८०९.५८ | ५६५७९१.६२ | १५६५६०१.२ |
| ३८ | TD4634 | संपत देवी | बनौटा-५, हाल-बलबा न.पा.-८ | राम नारायण महतो | राम सेवक महतो | २२/११/२०७६ | ३९७८५५.९८ | ३३२४२४.५५ | ७३०२८०.५३ |
| ३९ | TD4648 | सूर्या कला देवी | बनौटा ६ | कालीचरण यादव | जुगेश्वर यादव | ३/१२/२०७६ | २३३३०६.२ | १७१८०५.११ | ४०५१११.३१ |
| ४० | TD4696 | लाल बाबु मंडल | भटोलिया-८, हाल-एकडरा गा.पा.-५ | सूर्या मंडल | ज़हूरई मंडल | ११/३/२०७७ | ५९८५१६.९४ | ३९८९९६.४५ | ९९७५१३.३९ |
| ४१ | TD4704 | बुधन मंडल | रतबडा-८, हाल डाम्ही मडई -९ | सर्जुग मंडल | खोभारी मंडल | १८/०३/२०७७ | ४९०००० | ३६२१००.७२ | ८५२१००.७२ |
| ४२ | TD4726 | किशोरी चमार | पड़ौल ०८ | सुनार चमार | तका चामर | २९/०३/२०७७ | १२४९४५७.४३ | ८१४६९०.२६ | २०६४१४७.६९ |
| ४३ | TD4760 | सीता देवी | श्रीपुर-७ | सोगार्थ दास | परीक्षण दास | १३/०४/२०७७ | २७०९९६.२८ | २६५९३.६२ | २९७५८९.९ |
| ४४ | TD4800 | बिंदेश्वर यादव | बनौटा ०६, महोत्तरी | सरबन यादव | जगदेव यादव | ६/६/२०७७ | ३६६१९०.३८ | १७५०५७.१३ | ५४१२४७.५१ |
| ४५ | TD4826 | दुखा धुनिया | ख़ैबानी-४, हाल सोन्मा गा.पा.-२ | जैलून धुनिया | जकौला धुनिया | ३०/०६/२०७७ | ३९८००० | ३७१११२.८२ | ७६९११२.८२ |
| ४६ | TD4827 | राम कृपाल महतो कोइरी | गौशला-४, महोत्तरी | पियारे महतो कोइरी | लछूमन महतो कोइरी | ३०/०६/२०७७ | ४०६६१०.४६ | १४८२९४.२५ | ५५४९०४.७१ |
| ४७ | TD4835 | रामनाथ मंडल | खोपी-७, रामगोपालपुर न.पा.-९ | युगल किशोर मंडल | डोरिक मंडल | ६/७/२०७७ | ९९६६५८.०५ | ७३६२११.९२ | १७३२८६९.९७ |
| ४८ | TD4844 | शुभ नारायण साह | सरपल्लो-९, मानारा न.पा.-७ | सर्जुग साह | लखन साह | १८/०७/२०७७ | ३९३९१३.४१ | ३०८९५१.१६ | ७०२८६४.५७ |
| ४९ | TD4852 | नरेश राय यादव | हलखोरी-८ हाल एकडरा गा.पा.४ | बुधु राय | अर्जुन राय यादव | ७/८/२०७७ | ७५०००० | ६२९८५३.४६ | १३७९८५३.४६ |
| ५० | TD4858 | तिला देवी | खैरबैनी ०२ हाल सोनमा गा.पा ३ | दुलार चन राय यादव | अच्चेलाल राय यादव | १०/८/२०७७ | ७९९९७०.११ | ४९७१४६.६६ | १२९७११६.७७ |
| ५१ | TD4863 | कला देवी | जलेश्वर -.११ | राम प्रभोढ़ सिंह | गोरखा सिंह | १२/८/२०७७ | १०००००० | ८३४३०७.३७ | १८३४३०७.३७ |
| ५२ | TD4866 | फुलो देवी | डाम्ही मडई ८ हाल महोतरी गा.पा. ४ | बिनोद राय यादव | भोला यादव | १५/०८/२०७७ | ५९९४५२.३२ | ३८००७९.४४ | ९७९५३१.७६ |
| ५३ | TD4867 | निर्मला कुमारी देवी | एकडारा ८ हाल एकडारा गा.पा.२ | रबिन्द्र कुमार यादव | गगन देवी यादव | १५/०८/२०७७ | ५९९९२७.१२ | ३९११९६.५८ | ९९११२३.७ |
| ५४ | TD4870 | शुसील यादव | बलबा न.पा. ९ | राम नंदन यादव | लखन यादव | १८/०८/२०७७ | १०००००० | ८२७७१५.९६ | १८२७७१५.९६ |
| ५५ | TD4879 | मन्की देवी | जलेश्वर न.पा. १ | गणेश साह सुडी | बलदेव मेहतरी | १९/०८/२०७७ | ५९९३०२.६३ | ४३९८८७.०७ | १०३९१८९.७ |
| ५६ | TD4891 | दिनेश कुमार यादव | पर्सा देवाड २ | रासबिहारी राय यादव | बंशी राय यादव | २२/०८/२०७७ | १०००००० | ८२३३२९.६९ | १८२३३२९.६९ |
| ५७ | TD4894 | बिन्देश्वर मंडल धानुक | हारिगोरिगमा-८, बलबा न. पा.-११ (रौज़ा) | जादुनिया मंडल | बुटाई मंडल | २४/०८/२०७७ | ५४८७०६.७५ | ३६४४५८.८५ | ९१३१६५.६ |
| ५८ | TD4897 | द्रोप्ती कुमारी देवी | गौशाला न.पा.-२, महोत्तरी | चंदेश्वर मंडल धानुक | चौथी मंडल धानुक | २५/०८/२०७७ | ७९९०७०.०३ | ६१७८४१.४४ | १४१६९११.४७ |
| ५९ | TD4899 | अमानुल्लाह शेख | धमौरा-१,बलबा न.पा.-९ | खुरसैइड शेख | आसीन शेख | २५/०८/२०७७ | ५५०००० | ३१२६४६.५५ | ८६२६४६.५५ |
| ६० | TD4909 | लालबाबु साह | खैरबन्नी-८, हाल-सोनमा गा.पा.-५ | गणेश साह हलुवाई | भारती साह | २८/०८/२०७७ | १७७८००० | ६७२९८४.९९ | २४५०९८४.९९ |
| ६१ | TD4911 | ज़हिदा ख़ातुन | ध्रर्मपुर | इसरफुल शेख | याकूप शेख | २८/०८/२०७७ | १२२४००० | ९९९७१२.२१ | २२२३७१२.२१ |
| ६२ | TD4938 | चुल्हाइ यादव | थरुवाही ५ हाल जलेश्वर न.पा | डरपी यादव | कोडे यादव | ८/९/२०७७ | ५००००० | ३४१८८१.८६ | ८४१८८१.८६ |
| ६३ | TD4944 | साजन देवी | डाम्ही मडाई ९ | बिरेन्द्र मुखिया | खेहरु मुखिया | ९/९/२०७७ | ९९९७८०.८४ | ६९३०८०.५५ | १६९२८६१.३९ |
| ६४ | TD4955 | लिलम देवी | पड़ौल ९ (तिलगाड) | गुलगेन पासमान | बिरिजलल पासमान | १३/०९/२०७७ | १९०००० | १५२०८९.९८ | ३४२०८९.९८ |
| ६५ | TD4966 | नरेश कुमार बर्मा | धबौली-३, हाल-जलेश्वर न.पा.-६ | जानकी प्रसाद बर्मा | सत्यदेव लाल | १६/०९/२०७७ | १४९७००.५८ | ११२२४०.३७ | २६१९४०.९५ |
| ६६ | TD4971 | साबिर कवारी | पडौल ४ हाल बलवा न. पा. ३ | झगरु कवरी | मियाज़ी कवरी | १९/०९/२०७७ | १०००००० | ६५३३५८.९२ | १६५३३५८.९२ |
| ६७ | TD4983 | अर्चना कुमारी मंडल | मनरा शिस्वा ४ | राज नारायण मंडल | राम देव मंडल | २६/०९/२०७७ | ९९९६१६.४ | ७१८२७२.६१ | १७१७८८९.०१ |
| ६८ | TD5009 | कलसिया देवी | जलेश्वर ४ हाल २ | शीबाजी पासमान | सिया लाल | ६/१०/२०७७ | ६००००० | ४६६१०१.८५ | १०६६१०१.८५ |
| ६९ | TD5011 | प्रमेशवर साह | हलखोरी ९ हाल एकडारा गा.पा.४ | राम अशिश | राम द्याल साह | ७/१०/२०७७ | ४९९८२०.६४ | ३४६८७७.५३ | ८४६६९८.१७ |
| ७० | TD5015 | सोगार्थ मंडल | रतबारा ६ हाल महोतरी गा.पा.४ | चालिटर मंडल | नतुनी मंडल | ७/१०/२०७७ | १०००००० | ६४४८२५.४१ | १६४४८२५.४१ |
| ७१ | TD5044 | राम सुशील कुमार सिंह | जलेश्वर ११ हाल ३ | गोरख सिंह | जगदीश सिंह | १३/१०/२०७७ | ७००००० | ५३८५८५.२६ | १२३८५८५.२६ |
| ७२ | TD5080 | बौयालाल लाल मंडल | खुटा पिपराडी ८ लोहरपट्टी -९ | जमुना मंडल | सूबाई मंडल | २५/१०/२०७७ | ९९९१६१.८४ | ६१७२४५.७५ | १६१६४०७.५९ |
| ७३ | TD5083 | आमना ख़ातुन | खुटा पिपराडी ५ हाल बलवा न.पा. ११ | जासिम नाडफ़ | मणिर नाडफ़ | २६/१०/२०७७ | ४९९३१८.०७ | २१६३०९.४४ | ७१५६२७.५१ |
| ७४ | TD5097 | रामशंकर यादव | बनौटा ८ | भुवनेश्वर यादव | सुरत यादव | २९/१०/२०७७ | ९९९०३५.०१ | ६६१३१५.४१ | १६६०३५०.४२ |
| ७५ | TD5126 | जसो देवी | डाम्ही मडाई -९ | खहरू मुखिया | रेबी मुखिया | १०/११/२०७७ | ३४५९५५.९ | २४०८८९.८२ | ५८६८४५.७२ |
| ७६ | TD5137 | रागनी देवी | डाम्ही मडाई -९ | बिन्देश्वर मंडल | राम वरिछ मंडल | १२/११/२०७७ | ६४५९७३.९२ | ३१३५३२.५ | ९५९५०६.४२ |
| ७७ | TD5146 | जय कुमार यादव | रघुनाथपुर-८, हाल-सोनमा गा.पा.-३ | गंगा राम राय | मौजे राय यादव | १६/११/२०७७ | १६४२११२.७३ | ८२४९२४.०३ | २४६७०३६.७६ |
| ७८ | TD5152 | राज नारायण यादव | गोनारपुरा २ हाल महोतरी गा.पा.५ | बैद्यनाथ यादव | अमीरी यादव | १७/११/२०७७ | ९९९९४२.५६ | ६१८१०६.०८ | १६१८०४८.६४ |
| ७९ | TD5167 | नागेश्वर चौधरी | साहसौला-४, हाल रामगोपालपुर-७ | रामचंद्रा चौधरी | अयोध्या चौधरी | २३/११/२०७७ | ८९६७७१.७६ | ४७९२१७.४४ | १३७५९८९.२ |
| ८० | TD5173 | कपूरचन महतो | मनरा ५ हाल मनरा शिस्वा न.पा.१ | सर्जुग महतो | महेश महतो | २५/११/२०७७ | ९०१२५७.३३ | १९८९३८.२ | ११००१९५.५३ |
| ८१ | TD5181 | अमानुलहा शेख | धमौरा १ हाल बलबा न.पा.९ | खुरसेद शेख | आसीन शेख | २६/११/२०७७ | २२००००० | ४९५७७०.८६ | २६९५७७०.८६ |
| ८२ | TD5188 | सीताराम चौधरी | सोनमाई ०४ हाल औरही न.पा ८ | माझी चौधरी | अमीरी चौधरी कालबार | १/१२/२०७७ | २९९५४.२४ | ८४८९.९ | ३८४४४.१४ |
| ८३ | TD5196 | रीना देवी | लोहरपट्टी ४ हाल न.पा.३ | देबेन्द्र पसाद चौधरी | राज कुमार चौधरी | ४/१२/२०७७ | १९४७८९६.२२ | ११७०५७०.१४ | ३११८४६६.३६ |
| ८४ | TD5197 | राम जिबन साह | गोनारपुरा ५ हाल महोतरी गा.पा.५ | रामबली साह | लक्ष्मी साह | ५/१२/२०७७ | १९९९३९८.३३ | १३७०२७६.३२ | ३३६९६७४.६५ |
| ८५ | TD5198 | जय शंकर यादव | महोतरी ग.पा.२ (अनैठा ) टोला | राम सोगार्थ यादव | गणेशी यादव | ५/१२/२०७७ | ५००००० | २८४७३८.६४ | ७८४७३८.६४ |
| ८६ | TD5199 | मढ़न पसमान | निगौल ७ हाल पिपरा ३ | जागेश्वर पासमान | डोरिक पासमान | ५/१२/२०७७ | १४५८८५.८४ | ९१६७८.९५ | २३७५६४.७९ |
| ८७ | TD5213 | जामसयद कबारी | भ्रमरपुरा-३, हाल-लोहरपट्टी न.पा.-७ | इसुल कबारी | बिहारी कबारी | १०/१२/२०७७ | ६९५९०३.३२ | १३२१७१.२५ | ८२८०७४.५७ |
| ८८ | TD5218 | न्यूटन कुमार शिंग | साढा २ हाल मनरा शिस्वा न.पा.४ | राम बिनय सिंह | योग नारायण सिंह | १०/१२/२०७७ | ४००००० | १०२१७७.७ | ५०२१७७.७ |
| ८९ | TD5221 | बजरंगी यादव | बनौटा ५ | ज्ञान चन यादव | चुनंनी यादव | १०/१२/२०७७ | ५००००० | ३५५४८०.७५ | ८५५४८०.७५ |
| ९० | TD5223 | अनिल कुमार श्रेष्ठ | जलेश्वर ५ हाल जलेश्वर न.पा.२ | लक्षामणा बहादुर श्रेष्ठ | गंगा प्रसाद श्रेष्ठ | ११/१२/२०७७ | ४१४७७९.६५ | २०९८४०.४४ | ६२४६२०.०९ |
| ९१ | TD5224 | राम कैलाश महरा | इश्वरपुर २ सर्लाही हाल औरही न.पा.७ | बिलाष महरा चमार | ठगा महरा | ११/१२/२०७७ | १०००००० | ७०९९५६.२५ | १७०९९५६.२५ |
| ९२ | TD5228 | रामबाबु राय | श्रीपुर-२, हाल-औराही न.पा.-३ | महाबीर राय | चानारदेव राय | १३/१२/२०७७ | २०३६५७.७२ | १२१५२.९ | २१५८१०.६२ |
| ९३ | TD5247 | मनोज कुमार यादव | सोनमा २ हाल १ | अशोक कुमार यादव | राजेन्ड्रा परसाद यादव | २३/१२/२०७७ | ३०९८२८.५८ | १८३०६५.८३ | ४९२८९४.४१ |
| ९४ | TD5258 | जीतन प्रसाद यादव | फूलकहा-४, गौशाला न.पा.-६ | बनाई राय यादव | ठनी राय यादव | २६/१२/२०७७ | २१२००० | १४७२६७.९१ | ३५९२६७.९१ |
| ९५ | TD5261 | मकुर्दन देवी | अंकार ७ हाल जलेश्वर ७ | बार्हम देव पासमान | गणेश पासमान | २६/१२/२०७७ | ९९९९२७.४१ | ५८११४२.०५ | १५८१०६९.४६ |
| ९६ | TD5264 | महेन्द्र राय | सोनमा-५ महोत्तरी | चलितर राय | भागलु राय | २९/१२/२०७७ | ४२०८१९.९४ | २५३८५३.६१ | ६७४६७३.५५ |
| ९७ | TD5266 | गुरु शरण महरा चमार | सुन्दरपुर -९ महोत्तरी | राजेन्द्र महरा | गा'गल राम | ३०/१२/२०७७ | १००००० | ६९०५८.७ | १६९०५८.७ |
| ९८ | TD5271 | लालो देवी | एकडरा गा.पा.-५ कोलहुवा बागेया-४ महोत्तरी | राम कृपाल मंडल | मंगल मंडल | ३०/१२/२०७७ | २०००००० | १२५३९३५.५४ | ३२५३९३५.५४ |
| ९९ | TD5278 | आकाश कुमारी देवी | निगौल २ हाल गौशाला २ | शंकर राय दनुबार | बिहारी राय दानुबार | ५/१/२०७८ | ४००००० | ७६०९९.६५ | ४७६०९९.६५ |
| १०० | TD5281 | मो.इजराईएल अंसारी | जलेश्वर ०४, महोत्तरी | अकबर अंसारी | नज़ीर | ६/१/२०७८ | २०००००० | १३६७०९३.०५ | ३३६७०९३.०५ |
| १०१ | TD5287 | बिना देवी | नैन्ही १ हाल जलेश्वर १२ | राम दिनेश राय यादव | गुर्फ राय यादव | ९/१/२०७८ | ८९९५०७.४१ | ४६०९२०.७७ | १३६०४२८.१८ |
| १०२ | TD5294 | फेकनी देवी | औराही ७ हाल २ | मेथुर ठाकुर | अनूप ठाकुर | १२/१/२०७८ | १०००००० | ५२९०७६.२३ | १५२९०७६.२३ |
| १०३ | TD5296 | अस्लानी देवी | औरही ७ | बाबुलाल सहनी | रूप लाल सहनी | १२/१/२०७८ | ३९९९५०.१४ | २१०१०१.७३ | ६१००५१.८७ |
| १०४ | TD5303 | अनिता पांडे | जलेश्वर-१० | बिरेन्द्र पांडे | राम बलि पांडे | १४/०१/२०७८ | ५९९८९१.३५ | २६०४२२.६५ | ८६०३१४ |
| १०५ | TD5307 | शिव शंकर ठाकुर | भमरपुरा २ | राम रतन ठाकुर | जुलूम ठाकुर | १४/०१/२०७८ | १५००००० | ८९८७९०.५९ | २३९८७९०.५९ |
| १०६ | TD5315 | राम सुमरी देवी | खैरबन्नी ५ हाल सोनमा गा.पा.४ | राम दरेश राई यादव | रान भजन राई | १६/०१/२०७८ | ९००००० | १०३४७९.८१ | १००३४७९.८१ |
| १०७ | TD5316 | सुरेश चौधरी | हाथिलेट ४ हाल बर्दिबास न पा ८ | राम चन्द्र चौधरी | सुखारी चौधरी | १६/०१/२०७८ | ५००००० | ३३६७६१.०२ | ८३६७६१.०२ |
| १०८ | TD5317 | परमिला देवी | गोनरपुरा ६ हाल महोत्तरी गा.पा.६ | नथुनी साह | माझी साह | १६/०१/२०७८ | ५००००० | ३३६७६१.०२ | ८३६७६१.०२ |
| १०९ | TD5331 | बीसुनदेव राय | भाटोलिया-५ (परसा), हाल एकडरा गा.पा.-३ | हरिदेव राय | महन्थ राय | २/३/२०७८ | ४९६७००.४४ | ७७७३४.३६ | ५७४४३४.८ |
| ११० | TD5340 | अजिमा ख़ातुन | मझौरा बिशनपुर २ हाल मठियानी न.पा.४ | अब्दुल नईम | युसेफ राइन | ११/३/२०७८ | २३४७२२१.२८ | ६१२५०४.६१ | २९५९७२५.८९ |
| १११ | TD5351 | नाजुक ख़ातून | जलेश्वर न.पा.३ हाल १ | मो.नजामुदिन राईन | मो.सरीफ़ कबारी | २०/०३/२०७८ | ४९९९३९.४५ | २५४१५१.१५ | ७५४०९०.६ |
| ११२ | TD5355 | सैकुल ख़ातून | सहोरबा-३ | इनुष राईन | इस्लाम कबारी | २१/०३/२०७८ | १५४९८७१.२६ | २९२६४५.९१ | १८४२५१७.१७ |
| ११३ | TD5359 | राम बलि राय | एकडरा गा.पा.४ भगहीया ७ | रामपुकार राई | ननटुन राई | २१/०३/२०७८ | ५००००० | १४५१२४.९२ | ६४५१२४.९२ |
| ११४ | TD5369 | सातो पासवान | जलेश्वर ४ हाल २ | मुनीलाल पासवान | अशर्फी पासवान | २८/०३/२०७८ | ५९९५१३.७७ | ३३४७१४.४७ | ९३४२२८.२४ |
| ११५ | TD5371 | बिरेन्द्र पांडे | जलेश्वर-३ | बुझावन पांडे | मुकुंद पांडे | २९/०३/२०७८ | ८६०००० | ८४९६६.८९ | ९४४९६६.८९ |
| ११६ | TD5377 | बिरेन्द्र महतो | भरतपुर-०४ हाल-गौशाला न.पा.-१० महोत्तरी | राम सेबक महतो | बथु महतो | ३०/०३/२०७८ | ४२८९९७०.५५ | २१२९८८१.९४ | ६४१९८५२.४९ |
| ११७ | TD5380 | सत्य नारायण शाह | सोनामाई भोइल तिमीकीया-७, महोत्तरी | मनुवारि शाह | रूपेण साह | ४/४/२०७८ | १०३००० | ६१२५०.८९ | १६४२५०.८९ |

(बाँकी पृष्ठ ७ मा)

## राजश्री सेविङ्गस एण्ड क्रेडिट .....

| क्र. सं. | फाईल नं. | ऋणीको नाम | ठेगाना | पिता/पतिको नाम | बाजे/ससुराको नाम | ऋण लिएको मिति | बाँकी साँवा | बाँकी ब्याज/हर्जाना | बाँकी साँवा ब्याज/हर्जाना |
|---|---|---|---|---|---|---|---|---|---|
| ११८ | TD5385 | श्याम नंदन प्रसाद | जलेश्वर -६ | श्रीधर प्रसाद साह | सरयुग साह | ४/४/२०७८ | ४९०३९.१४ | १२२१.९९ | ५०२६१.१३ |
| ११९ | TD5405 | ओकिला ख़ातुन | जलेश्वर ५ हाल ६ | आओब ल़हेरी | क़ासिम ल़हेरी | १३/०४/२०७८ | ७००००० | १७३४४५.५ | ८७३४४५.५ |
| १२० | TD5410 | जमनती देवी | नैन्ही ४ हाल जलेश्वर १२ | पपु राय | भाता राय | १५/०४/२०७८ | ७४९८१९.८८ | ३०५८९९.१३ | १०५५७१९.०१ |
| १२१ | TD5422 | बिन्देश्वर महतो | जलेश्वर १३ मालिबरा | हरिगेन महतो | ललचन महतो | २२/०४/२०७८ | ९९६७६७.१९ | ३०६०६९.२६ | १३०२८३६.४५ |
| १२२ | TD5423 | आवास अंसारी | शिस्वा कटैया ३ हाल मनरा सीस्वा ५ | रजाक अंसारी | सौदागर अंसारी | २४/०४/२०७८ | ५००००० | १६१७८४.९३ | ६६१७८४.९३ |
| १२३ | TD5427 | जय नारायण राय | सोनमा-७, हाल गा.पा.-२ | राम द्याल राय | भुटा राय | २५/०४/२०७८ | ९९२९३१.५२ | २९२९६८.३८ | १२८५८९९.९ |
| १२४ | TD5432 | दौलतिया देवी | सुगाभवानी पट्टी ६ हाल जलेश्वर ४ | राम औतार महतो | निर्धन महतो | २५/०४/२०७८ | १९९८९९४.०८ | ९२४१७४.५५ | २९२३१६८.६३ |
| १२५ | TD5437 | शिब जी मंडल | सोनामाई २ हाल औरही न.पा.७ | मुनि लाल मंडल | फतूरी मंडल | २६/०४/२०७८ | १८९९९६९.९२ | १०५१३८५.०९ | २९५१३५५.०१ |
| १२६ | TD5444 | मुखेन्द्र महतो कोइरी | हाल-लक्ष्मीनिया-८, गौशाला न.पा.-११ बसनरपुर -१, | गोनौर महतो कोइरी | रघुनंदन महतो कोइरी | १/५/२०७८ | ३०९००० | १४३४२४.५३ | ४५२४२४.५३ |
| १२७ | TD5452 | लालबाबू महतो नूनिया | सोनमा ०६, हाल सोनमा गा.पा.-१ | रामेश्वर महतो नुनिया | मटुक महतो | ७/५/२०७८ | ३९३४५५.२१ | ७११९६.५६ | ४६४६५१.७७ |
| १२८ | TD5458 | सरोबरी दुसाधानी | जलेश्वर २ | बिन्देश्वर पासमान | राम खेलाउन पासमान | १०/५/२०७८ | ५५०००० | ३०७५५१.३७ | ८५७५५१.३७ |
| १२९ | TD5464 | दुखनी देवी | डाम्ही मडई -८, हाल-महोत्तरी गा.पा.-४ | नारायण यादव | बहादुर राय यादव | ११/५/२०७८ | ७९९९९६.९९ | ३६५२३५.२५ | ११६५२३२.२४ |
| १३० | TD5465 | राम सोगर्थ राउत | जलेश्वर न.पा. ११ खैरा | अनूठा राउत | मंगल राउत | ११/५/२०७८ | ९९८२६५.०५ | २५१०८८.३८ | १२४९३५३.४३ |
| १३१ | TD5474 | बिलटु पासवान | जलेश्वर ४ हाल न.पा.२ | सुखाई पासवान | फूलचन पासवान | १७/०५/२०७८ | १७००००० | ९३९६०५.११ | २६३९६०५.११ |
| १३२ | TD5475 | कोसिया देवी | नैन्ही ८ हाल जलेश्वर न.पा. १२ | दशई यादव | जीबच यादव | १७/०५/२०७८ | ७९९९००.७४ | २८४११०.८१ | १०८४०११.५५ |
| १३३ | TD5484 | राम छबिला साह | श्रीपुर-२, हाल औराही न.पा.-३ | बिलटु साह | गोकुल साह | २३/०५/२०७८ | ४९४४१७.०३ | ९६०५२.७८ | ५९०४६९.८१ |
| १३४ | TD5491 | सुन्दर कला देवी | डाम्ही मडई-८, (रतबडा) , हाल-महोत्तरी गा.पा. | राम प्रभंजन महतो | राम सेबक महतो | २४/०५/२०७८ | ७००००० | ३८२८७५.९७ | १०८२८७५.९७ |
| १३५ | TD5492 | जिबछी देवी | सुगा भाबानीपटी ६ हाल जलेश्वर न.पा.४ | राम प्रसाद महतो | खेहरु महतो | २४/०५/२०७८ | १९९६२०७.७५ | ८४३५८३.७९ | २८३९७९१.५४ |
| १३६ | TD5494 | श्रीमती सीता देवी | महोटरी गा.पा.६ | गौरीशंकार प्रसाद साह सोनार | मिशरी साह | २७/०५/२०७८ | ८८८१४८.८ | ४६३४८७.०४ | १३५१६३५.८४ |
| १३७ | TD5495 | रोशन कुमार झा | बनौली-दनौली-७, हाल पिपरा गा.पा.-७ | भुपनारायण झा | बीसवनाथ झा | २८/०५/२०७८ | ५९८०३१.७९ | २३०२५२.८७ | ८२८२८४.६६ |
| १३८ | TD5497 | सोसिल कुमार राय | रघुनाथपुर ०२ | राम असिश राय | भीरकी राय | २८/०५/२०७८ | ७९८००० | ४३३९९३.२४ | १२३१९९३.२४ |
| १३९ | TD5500 | गिरो देवी | नैन्ही ८ हाल जलेश्वर न.पा.९ | राजू कापर | राम देव कापर | ३१/०५/२०७८ | ९९९९२१.०७ | ४८३१९८.२ | १४८३११९.२७ |
| १४० | TD5503 | मीना देवी | परसा पतैली हाल जलेश्वोर ५ | शत्रोधन कापर | महेशी कपर | ५/६/२०७८ | २९०००० | १५५९११.८१ | ४४५९११.८१ |
| १४१ | TD5509 | सोनबती देवी | नैन्ही - ९ न..पा जलेश्वर १२ | राम सोगरथ यादव | बासुदेव यादव | ७/६/२०७८ | २२६१९९.५६ | ५२०.८६ | २२६७२०.४२ |
| १४२ | TD5511 | ललिता देवी | जलेश्वर न.पा.७ | दिपु मंडल | राम आश्रे मंडल | ८/६/२०७८ | ४९९८६३.३६ | २२७९६५.८९ | ७२७८२९.२५ |
| १४३ | TD5531 | सुरेन्द्र प्रसाद यादव | खैरबन्नी-०३ सोनमा-४ गूलरिया , महोत्तरी | रामपुकार यादव | ढोढाई राय यादव | १७/०६/२०७८ | २५००००० | १३२०८०२.७१ | ३८२०८०२.७१ |
| १४४ | TD5539 | केबल राउत | हलखोरी ७ हाल एकडारा गा.पा.४ | दुखी राउत | झुना राउत | २०/०६/२०७८ | ५९९८५६.७५ | १७७०९५.२५ | ७७६९५२ |
| १४५ | TD5543 | अनरसी देवी | हलखोरी-४ | गंगा मंडल | हरी नदन मंडल | २२/०६/२०७८ | ८४९००० | २८९५७४.०७ | ११३८५७४.०७ |
| १४६ | TD5544 | सुन्दर मंडल | भटौलिया ९ हाल एकडरा गा.पा.३ | मुगीलाल मंडल | भोला मंडल | २२/०६/२०७८ | ६००००० | १७९९८.३८ | ६१७९९८.३८ |
| १४७ | TD5547 | सहदेव मुखिया | डाम्ही मडई ९ हाल महोतरी गा.पा.४ | अजोधी मुखिया | मिठु मुखिया | २२/०६/२०७८ | ५९३२६६.६ | ११८८७६.५४ | ७१२१४३.१४ |
| १४८ | TD5548 | किसून देवी | निगौल - १ | राम पुकार मंडल धानुक | रामेश्वर मंडल धानुक | २४/०६/२०७८ | ३२९००० | ११५७०५.१७ | ४४४७०५.१७ |
| १४९ | TD5549 | गुलशन ख़ातून | धमौरा-५, हाल-बलबा ना.पा.-१० | अलाउदीन मोमिन | साकुर मोमिन | २४/०६/२०७८ | ६९९००० | १४७६५०.२८ | ८४६६५०.२८ |
| १५० | TD5558 | रंजीत कुमार मंडल | एकडरा-३ | माझी मंडल | छठु मंडल | २५/०६/२०७८ | १४९८२३४.१४ | ७२४१९१.९५ | २२२२४२६.०९ |
| १५१ | TD5561 | सुकमरिया देवी | डाम्ही मडई - ०९ | महेन्द्र साह कानू | रामेश्वर साह | २५/०६/२०७८ | ७९९७४३.३८ | २३३०६८.२८ | १०३२८११.६६ |
| १५२ | TD5564 | लालो देवी | डाम्ही मडई -८ | महादेव भगत | गणेशी भगत | ३१/०६/२०७८ | ६००००० | २८९८८१.४१ | ८८९८८१.४१ |
| १५३ | TD5583 | राम एक्वाल चौधरी | डाम्ही मडई-६ | ब्रह्मदेव चौधरी | सिव राम चौधरी | ९/७/२०७८ | १९९९५०९.४५ | २७१६४४.४३ | २२७११५३.८८ |
| १५४ | TD5590 | राम परगाश् मंडल | थरुवाही ७ हाल जलेश्वर न.पा.७ | राम बरन मंडल | राम गुलाम मंडल | १२/७/२०७८ | ७२३७१४.५१ | २५६२३२.५५ | ९७९९४७.०६ |
| १५५ | TD5592 | रिमाला देवी | डाम्ही मडई -९ हाल महोत्तरी गा.पा.-४ | राम शरण साह | चालिटर साह | १२/७/२०७८ | ६८१२९९.३१ | २७५२७०.०६ | ९५६५६९.३७ |
| १५६ | TD5598 | गोल्हिया देवी | जलेश्वर-८, महोत्तरी | गनौर खातबे | बलमा खतबे | १४/०७/२०७८ | ७२९५८५.५८ | २२०८९४.७८ | ९५०४८०.३६ |
| १५७ | TD5600 | लाल बहादुर महतो नूनिया | एकरहिया-३ हाल पीपरा-१ | गंगा महतो नूनिया | राजदेव महतो नूनिया | १४/०७/२०७८ | ४००००० | १२७३७९.३८ | ५२७३७९.३८ |
| १५८ | TD5601 | शिव जी यादव | एकडरा -२, महोत्तरी | जगदेव यादव | मितू यादव | १४/०७/२०७८ | ९९९७६३.०३ | ४००१७९.२४ | १३९९९४२.२७ |
| १५९ | TD5603 | झपशी राउत | हलखोरी-९ हाल एकडरा गा.पा.-४ | पुलकित राउत | जुलूम राउत | १५/०७/२०७८ | ६४९५९७.२३ | २२५८३१.०२ | ८७५४२८.२५ |
| १६० | TD5604 | राम पुकार झा महापात्रा | जलेश्वर-२ | गूंज़ेश झा | नंद झा | १५/०७/२०७८ | ३००००० | १५१८४०.०२ | ४५१८४०.०२ |
| १६१ | TD5605 | मुक्ति प्रसाद साह | जलेश्वर-४, महोत्तरी | छठु साह | गंगा साह | १५/०७/२०७८ | ५००००० | २५३०६०.९५ | ७५३०६०.९५ |
| १६२ | TD5606 | सीता देवी | पीपरा-१, महोत्तरी | प्रेम कुमार महतो | जीबच्छ महतो | १५/०७/२०७८ | ७४९७४२.०८ | २६१३२१.२१ | १०११०६३.२९ |
| १६३ | TD5611 | रबिन्द्र कष्पर | जलेश्वर-९, महोत्तरी | मुनेश्वर कक्ष्पर | जगदीश कपर | १६/०७/२०७८ | ८४८९३२.३६ | २३२३३४.५ | १०८१२६६.८६ |
| १६४ | TD5613 | लालकृत महतो | अंकार-५ हाल जलेश्वर-७, महोत्तरी | राजेन्द्र महतो | नठुनी महतो | १६/०७/२०७८ | ९९९८२७ | ३८१८८७.५७ | १३८१७१४.५७ |
| १६५ | TD5615 | लिलम देवी | डाम्ही मडई-९, हाल महोत्तरी गा.पा.-४ | राम जतन मिश्रा | नागेश्वर मिश | १७/०७/२०७८ | १५९९६०४.४७ | ६९४६००.१२ | २२९४२०४.५९ |
| १६६ | TD5616 | राम भरोश राउत कुर्मी | पर्सा देवाड -१ | मुख़लाल राउत | जागरुप राउत | १७/०७/२०७८ | ३००००० | १०१२४४.६६ | ४०१२४४.६६ |
| १६७ | TD5617 | राधे श्याम यादव | सोनमाई-१, हाल-औराही न.पा.-७ | राम नारायण यादव | बीलट राय यादव | २२/०७/२०७८ | ५१९००० | २५९९२५.२२ | ७७८९२५.२२ |
| १६८ | TD5627 | राम दिनेश सिंह | जलेश्वर ना.पा.-११ | परिछन सिंह | सुवाई सिंह | १/८/२०७८ | ४२८००० | २११४४८.४६ | ६३९४४८.४६ |
| १६९ | TD5631 | सुशीला देवी यादव | सोनमा -६, महोत्तरी | नरेश यादव | बिलाष यादव | ३/८/२०७८ | ९९९७१९.१९ | ४५७६८४.१८ | १४५७४०३.३७ |
| १७० | TD5634 | ज्ञान लाल महतो | एकरहिया-२ हाल पीपरा-१, महोत्तरी | सिंघेश्वर महतो | गुद्दर महतो | ७/८/२०७८ | ५३४९७३३.७९ | २०९३२४९.९७ | ७४४२९८३.७६ |
| १७१ | TD5635 | श्याम किशोर यादव | सोनमा गा.पा-४ | लक्ष्मण राय यादव | सरुप राय | ७/८/२०७८ | ५००००० | १९११७५.५५ | ६९११७५.५५ |
| १७२ | TD5636 | भाग्य चन्द्र मिश्रा | धमौरा ९ | शिवनंदन मिश्रा | योगी मिश्रा | ८/८/२०७८ | ५०००००० | २०१३१५४.६१ | ७०१३१५४.६१ |
| १७३ | TD5643 | कलामुदीन राइन | एकरहिया-४, हाल-पीपरा गा.पा.-१ | ताहिर कबारी | अब्दुल गफ़ार | १३/०८/२०७८ | १५००००० | ७२७५०९.९९ | २२२७५०९.९९ |
| १७४ | TD5644 | राम प्रीत महतो | बलवा -०१ महोत्तरी | नथुनी महतो | हीरा महतो | १४/०८/२०७८ | ६९९८८२.३४ | २६७६०५.४४ | ९६७४८७.७८ |
| १७५ | TD5645 | बिरेन्द्र पसमान | जलेश्वर १ महोत्तरी | पीताम्बर पासमान | प्रसाद पसमान | १४/०८/२०७८ | ४४८६५७.८७ | १५५३०२.५२ | ६०३९६०.३९ |
| १७६ | TD5646 | सम्पतिय देवी | डाम्ही मडई -०९ महोत्तरी | बिंदेश्वर यादव | सुकदेब यादव | १४/०८/२०७८ | १४९९३३६.४ | २१५१५३.४७ | १७१४४८९.८७ |
| १७७ | TD5660 | राम सीकिल देवी | खैरबन्नी -४ | जोगी महतो | राम खेलावन महतो | २१/०८/२०७८ | १८९९७५८.४ | ७२३०३१.५ | २६२२७८९.९ |
| १७८ | TD5661 | लालबाबू यादव | सोनमा गा.पा-७ | सोनेलाल राय | बेनी राय | २१/०८/२०७८ | ५९९६९०.३१ | ३९९६५.४ | ६३९६५५.७१ |
| १७९ | TD5666 | बूधनी देवी मंडल | निगौल-१, हाल गौशाला--२ | बिनोद मंडल धानुक | हरीचन मंडल | २३/०८/२०७८ | ४३००० | २०५३६.७७ | ६३५३६.७७ |
| १८० | TD5677 | नारायण यादव | रामनगर-५, हाल-गौशाला न.पा.-३ | बिलटु यादव | राम यादव | २६/०८/२०७८ | ५९९००० | २८४७१०.५९ | ८८३७१०.५९ |
| १८१ | TD5681 | अंजू देवी | सुगाभवानीपटि-५ | संतोष कुमार मंडल | श्रीचन मंडल | २७/०८/२०७८ | ९९९९८१.१३ | ४३६७४७.६२ | १४३६७२८.७५ |
| १८२ | TD5683 | रिंकू कुमारी झा | एकडरा -१ | बिमलेश कुमार झा | हरिनारायण झा | २८/०८/२०७८ | ९९९९२०.७८ | ४२२२२८.५८ | १४२२१४९.३६ |

# अवैध पुस्तक अध्यापक गराउँदै निजी विद्यालय

**बख्तियार अली**

मलंगवा । मधेश प्रदेश अन्तर्गतका जिल्लामा संचालित निजी विद्यालयहरुले पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत नगरिएका पाठ्यपुस्तकहरु आफूखुसी प्रयोग गर्ने गरेका छन् । अधिकांश निजी विद्यालयले सरकारले निर्धारण गरेभन्दा तीन गुणा बढीसम्म पुस्तक किन्न लगाएर कलिला बालबालिकालाई पुस्तकको भारी बोकाएर असल नागरिक बनाउनुको साटो भरिया बनाउने काम मात्र गरिरहेको अभिभावकहरुको गुनासो छ ।

केन्द्रले स्वीकृति दिएको भन्दा धेरै पुस्तक किन्न लगाएर निजी विद्यालयले विद्यार्थीको भन्दा व्यापारको बढी चिन्ता गरेको भन्दै प्रत्येक नयाँ शैक्षिक शत्रमा अभिभावकहरुबाट आलोचना हुँदै आए पनि बाध्य भएर विद्यालयले आफूखुसी तोकिदिएको पुस्तक किनेर बालबालिकालाई दिनु परेको छ ।

सानो कक्षाका बालबालिकालाई धेरै पुस्तक किनाउने संस्कार एकदमै बेठीक भएको शिक्षाविदहरुको भनाइ छ । बालबालिकाले स्वतन्त्र रूपमा सिक्न पाउनुपर्छ, सरकारले तोकेका पुस्तक नै पर्याप्त छन्, अरू थप पढाउनु मानसिक बोझ मात्र थप्नु हो,विज्ञहरुको तर्क छ ।' निजी विद्यालयले पाठ्यक्रमभन्दा फरक र केन्द्रले स्वीकृति नदिएका पुस्तकसमेतकिनाएर विद्यार्थीलाई पुस्तकको भारी र अभिभावकलाई आर्थिक बोझ थप्ने काम गरेका छन् । शिक्षाको उद्देश्यभन्दा बाहिर गएर आफ्नो आर्थिक लाभलाई मात्रै हेरेर काम गरिरहेको मलंगवाका एक अभिभावकले गुनासो गरे । सरकार कमजोर हुँदा निजी विद्यालयले फाइदा उठाइरहेको उनको गुनासो छ ।




सरकारले पाठ्यक्रमअनुसार तयार पारेको पाठ्यपुस्तक अनिवार्य पढाउनुपर्छ । त्यसबाहेक पाठ्यक्रमसँग मिल्ने पुस्तक थप सामग्रीका रूपमा पढाउन पाउने व्यवस्था छ । तर, कतिपय निजी विद्यालयले सरकारी पाठ्यक्रमअनुसार तयार भएका पाठ्यपुस्तक नपढाएर अन्य सामग्री पढाउने गरेका छन् ।

शिक्षा ऐन २०२८(संसोधन सहित) को दफा ८ मा विद्यालयले नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम,पाठ्यपुस्तक लागू गर्नुपर्छ भन्ने व्यवस्था ,शिक्षा नियमावली २०५९(संशोधन सहित)को नियम ३४ मा विद्यालयमा अध्यापन गराउने पाठ्यपुस्तक पाठ्यक्रम विकास केन्द्रले तयार गर्नुपर्ने व्यवस्था र संघ,प्रदेश र स्थानीय तहको कार्यसूचीको विस्तृतीकरण प्रतिवेदन २०७३ मा विद्यालय तहको मूल विषयको पाठ्यक्रम ,पाठ्यपुस्तक निर्माण र नियमन गर्ने कार्य संघीय सरकारको कार्य क्षेत्र भित्र समावेश गरिएको छ ।

त्यसको साथै शिक्षा नियमावलीको नियम ३५ ले कुनै विद्यालयले पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत पाठ्यपुस्तकको आलावा थप पाठ्यसामग्री तथा पाठ्यपुस्तक प्रयोग गर्न चाहेमा शिक्षा विकास तथा समन्वय इकाईबाट स्वीकृति लिनुपर्ने र इकाईले स्वीकृति दिँदा पाठ्यक्रम विकास केन्द्रले स्वीकृत गरेको सूचीमा भएको हुनुपर्ने व्यवस्था र पाठ्यक्रम तथा पाठ्यसामग्री विकास तथा वितरण निर्देशिका २०७९ मा कुनै पनि प्रकाशक, मुद्रक, वितरकले पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृति लिएर मात्र पाठ्यपुस्तक मुद्रण र बिक्रीवितरण गर्नुपर्ने व्यवस्था रहेको छ ।

केन्द्रले सर्लाही जिल्लाका सबै स्थानीय तहहरु र सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुलाई केन्द्रबाट स्वीकृति प्राप्त पाठ्यपुस्तक ,पाठ्यसामग्री ,सिकाई सामाग्री मात्र प्रयोग गर्न र गराउन भनि सूचना र परिपत्र गरिसकेको भएता पनि अहिलेसम्म कुनै पनि स्थानीय तहले विद्यालयहरु सँग यस विषयमा छलफल गरेका छैनन् साथै यस सम्बन्धी जानकारी गराएका छैनन् ।


## राजर्षिजनक विश्वविद्यालय
## गौशाला इन्जिनियरिंग क्याम्पस
## गौशाला, महोत्तरी
### मधेश प्रदेश

## बोलपत्र आव्हान गरिएको सूचना

**प्रथम पटक प्रकाशित मितिः- २०८०/१२/२०**

राजर्षिजनक विश्वविद्यालयको आंगिक क्याम्पस गौशाला इन्जिनियरिंग क्याम्पस, गौशाला महोत्तरीमा देहाय अनुसार सामग्रीहरु आपूर्तिका लागि शिलवन्दी बोलपत्र आह्वान गरिएको छ। बोलपत्र फारम खरिद गर्न इच्छुक इजाजत प्राप्त फर्मले नेपाल बैंक लि, जनकपुरको ज.चु.का.लि. शाखमा रहेको यस क्याम्पसको च.हि.नं. ०४१००१०७६०८६००००००००१ मा रु. ३०००।- (अक्षरेपी तिन हजार मात्र फिर्ता नहुने गरी जम्मा गरेको सक्कल बैंक भौचर र लिखित निवेदनको साथ फर्म दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र र आ.व. २०७९/८० को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ। बोलपत्र बुझाउदा विड वन्ड रकम बराबरको नगद दाखिला गरेको बैंक भौउचर वा इजाजत प्राप्त बाणिज्य बैंकको १२० दिनको म्याद भएको जमानत पत्र (विडवन्ड) पेश गर्नु पर्नेछ। विस्तृत जानकारीको लागि यस क्याम्पस प्रशासन शाखामा सम्पर्क राख्न सकिनेछ। बोलपत्र कुनै एक वा दुई वा तिन वा चार वटै खण्डका लागि बुझाउन सकिने छ।

| खण्ड | विवरण | विडवन्ड / नगद |
|---|---|---|
| १ | Computer Lab.( IT Items) | रु.५४,३००।- |
| २ | Thermodynamics Lab. Equipments | रु.५१,८००।- |
| ३ | Chemistry Lab. Equipment and Chemicals | रु.८,३००।- |
| ४ | Furniture Items | रु.८५०००।- |

**बोलपत्र खरिद गर्ने मिति**: २०८०/१२/२१ देखि २०८१/०१/२३ गते दिउँसो ४ वजे सम्म ।
**बोलपत्र दर्ता गर्ने मिति** : २०८१/०१/२४ गते दिउँसो २ वजे सम्म ।
**बोलपत्र खोल्ने मिति** : २०८१/०१/२५ गते दिउँसो १ वजे ।

**गौशाला इन्जिनियरिंग क्याम्पस**


| क्र. सं. | फाईल नं. | ऋणीको नाम | ठेगाना | पिता/पतिको नाम | बाजे/ससुराको नाम | ऋण लिएको मिति | बाँकी साँवा | बाँकी ब्याज/हर्जाना | बाँकी साँवा ब्याज/हर्जाना |
|---|---|---|---|---|---|---|---|---|---|
| १८३ | TD5686 | रंजू देवी | बलवा- ९ हाल ६ | गगन देव ठाकुर | गुलजरी ठाकुर | २८/०८/२०७८ | ८२६७९८.२६ | १९८३८६ | १०२५१८४.२६ |
| १८४ | TD5688 | जोगिन्द्र महरा | सम्सी गा.पा.-१ | भिखारी महरा | राम खेलावन महरा | २८/०८/२०७८ | ४२४९८०.७५ | १९४००२.१४ | ६१८९८२.८९ |
| १८५ | TD5695 | मीना देवी धानुक | रतौली-२ हाल एकडरा गा.पा-४ | प्रबोध मंडल | दुखाई मंडल | १/९/२०७८ | ६२५००० | २९५२१५.७ | ९२०२१५.७ |
| १८६ | TD5696 | सोमित्रा देवी | हलखोरी-३ हाल एकडरा -४ | राम नरेश महतो | सत्या नारायण महतो | २/९/२०७८ | १५००००० | ५०८६६७.०४ | २००८६६७.०४ |
| १८७ | TD5704 | मन्टुटिया देवी | बलवा-६ | चंदेश्वर साह | नठुनी साह | ४/९/२०७८ | १०००००० | ३४४७८९.०३ | १३४४७८९.०३ |
| १८८ | TD5725 | गिरजा देवी | पर्सा देवाड -१ हाल सम्सी -१ | शिब चन्द्र राउत | प्रगास राउत | ११/९/२०७८ | ८४९८५२.९५ | १५४४८२.३८ | १००४३३५.३३ |
| १८९ | TD5738 | सीता देवी मंडल | डाम्ही मडई-९ हाल महोत्तरी-४ | राम चन्द्र मंडल | राम श्रेष्ठ मंडल | २०/०९/२०७८ | ८००००० | ३२३८१९.६३ | ११२३८१९.६३ |
| १९० | TD5742 | जमुना महरा | पर्सा पतैली-३ | राम बहादुर महरा | नीरो महरा | २१/०९/२०७८ | ३५५९१५.७१ | ८४१५८.७२ | ४४००७४.४३ |
| १९१ | TD5746 | हरी किशोर मंडल | सोनमाई-१ हाल औराही-७ | राम बेरिछ मंडल | निरशु मंडल | २२/०९/२०७८ | ९९९७९१.१४ | ३२३६२८.०५ | १३२३४१९.१९ |

**नोट :-**

१. ऋणको धितो वापत जग्गा धितोमा दिने मन्जुरनामावालाहरुले समय भित्र ऋण चुक्ता गर्न लगाउने व्यवस्था गर्नुहोला अन्यथा धितो लिलाम हुने व्यहोरा जानकारी गराईन्छ ।
२. राखेको धितोवाट संस्थाको सम्पूर्ण वाँकी रकम असुल उपर नभएमा अन्य जायजेथा वाट समेत रकम असुल उपर गरिनेछ ।

**राजश्री सेविङ्गस एण्ड क्रेडिट को-अपरेटिभ सोसाईटी लिमिटेड**
**सेवाकेन्द्र जलेश्वर. फोन नं.०४४-५२०८७४**

घरेलु हिंसाको शिकार

# सुभाषले बहुविवाह गरेको आरोप

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेशमा घरेलु हिंसामा व्यापकरुपमा वृद्धि हुँदैछ । एक महिलासंग अघि नै विवाह गरेका युवकले एक वर्ष नवित्दै अर्की श्रीमती भित्र्याउँदा जेठी श्रीमती अहिले बेघर भएकी छन् ।

जेठी श्रीमतीलाई यातना दिँदै उनलाई आफूसंगै नराख्ने भन्दै पीडा दिइरहेको घटना सार्वजनिक भएको छ । सो घटना थाहा पाए लगत्तै पीडित महिलाकी परिवारजनले मुद्दा प्रक्रिया अघि बढाउने भएका छन् ।

धनुषाको सबैला नगरपालिका स्थित इनर्वा र हाल जनकपुरधाम उपमहानगरपालिका-२४ स्थित कटैयाचौरी बस्ने नेपाली कांग्रेस मधेश प्रदेशका सदस्य सुरेश ठाकुरको दाजु राजेश ठाकुरकी छोरी अनिसा ठाकुरको विवाह महोत्तरी पिपरा गाउँपालिका-५ स्थित हर्दियाका श्रीनारायण ठाकुरका छोरा सुभाष ठाकुरसंग २०८० वैशाख ८ गते भएको थियो । हिन्दू परम्परा अनुसार भएको सो विवाहमा करिब ३५ लाख रुपैयाँको कुल खर्चमा भएको विवाह एक वर्ष नवित्दै समस्या परेको पीडित परिवारजनले चिन्ता व्यक्त गरेका छन् ।

वैदेशिक रोजगारमा रहेका सुभाष विवाह गरेको एक वर्ष नपुग्दै अर्की श्रीमती भित्र्याएपछि अनिशालाई यातना दिन थालेका छन् । विवाहको दश दिनपछि वैशाख १८ मा अनिशाको ससुरा श्रीनारायण रोजगारका लागि विदेश उड्नुपर्ने थियो । बुबालाई छोड्न सुभाष काठमाण्डु गए ।

बुबा विदेश उडिसकेपछि वैशाख २० मा सुभाष काठमाण्डुबाट घर फर्किए । २४ गतेसम्म अनिशा-सुभाषको वैवाहिक सम्बन्ध सामान्य नै थियो । त्यसपछि सुभाषले एक्कासी अनिशाको बुबा राजेशलाई फोन गरेर 'म तपाईंको छोरीलाई राख्दिनँ, लिएर जानुस्' भने । राजेशले किन नराख्ने



भनेर सुभाषलाई प्रतिप्रश्न गर्दा सुभाषको जवाफ थियो,'तपाईंकी छोरी लाटी छन्, त्यसैले राख्दिनँ ।'

राजेशले आफ्नी छोरी लाटी भए नभएको पुष्टि डाक्टरले गर्ने भएकाले चेकजाँचका लागि आफू तयार रहेको बताए ।

अनिशामाथि लाटी रहेको आरोप लगाउँदै उनका श्रीमान सुभाषले कान्छी श्रीमतीलाई भित्र्याएपछि जेठी श्रीमती पक्षका परिवारजनले उनीमाथि बहुविवाहको मुद्दा प्रक्रिया अगाडि बढाउन बाध्य भएको सुरेशले बताए । जिल्ला प्रहरी कार्यालय महोत्तरीमा बहुविवाहको मुद्दा दर्ता गर्न निवेदन दिए पनि निवेदन लिन अस्वीकार गरे पछि अदालतमा मुद्दा दर्ता गराउने तयारी थालेको अनिशाकी काका सुरेश ठाकुरले बताए ।

मंसिर २६ गते राति कुटपिट गरी केटा पक्षले अनिशालाई ससुराली घरबाट निकाला गर्दै जनकपुरधामस्थित माछा बजार नजिक अलपत्र अवस्थामा छाडेर गएको सुरेशले बताए ।

सो घटनाबारे महोत्तरी प्रहरीमा लिखित तथा मौखिकरुपमा कारबाही गर्न भन्दा पनि बेवास्ता गरेको उनको भनाइ छ ।

सुभाषलाई फरार हुनमा सई भरत ठाकुरको प्रमुख भूमिका रहेको सुरेशले दाबी गरेका छन् । सुभाषले दोस्रो विवाह गरेको भनिएको केटीसँग प्रहरीले सोधपुछ गरेको छ । गर्भवती रहेकी उनले सुभाषसँग आफ्नो विवाह भएको स्वीकारेकी छन् । आफ्नी भतिजीसँग विवाह गरेर पनि फेरि अर्को विवाह गरेकोले सुभाष विरूद्ध बहुविवाहको मुद्दा दर्ता गर्न चाहेका छन् । तर, मुद्दा प्रक्रियामा नगएर मिलापत्रका लागि आफूहरूमाथि दबाब आइरहेको उनले बताए ।

जिल्ला प्रहरी कार्यालय महोत्तरी महिला सेलका तत्कालीन प्रमुख सई लेखनाथ खनालले सुभाषले दोस्रो विवाह गरेको भनिएकी केटीलाई आफूले उद्धार गर्दा उनले विवाह स्वीकारे पनि उनलाई अहिले के कति कारणले रिहा गरिएको भन्नेबारे आफूलाई थाहा नभएको बताए ।

बहुबिबाह कसुरसम्बन्धी कानुनी व्यवस्था मुलुकी अपराध संहिता, २०७४ को दफा १७५ ले बहुबिबाह कसुरसम्बन्धी व्यवस्थामा विवाहित पुरुषले वैवाहिक सम्बन्ध कायम रहेको अवस्थामा अर्को विवाह गर्न नहुने र कुनै पुरुष विवाहित हो भन्ने जानीजानी त्यस्तो पुरुषसँग कुनै महिलाले पनि विवाह गर्न नहुने गरेमा कसुर गर्ने वा गराउने व्यक्तिलाई एक वर्षदेखि पाँच वर्षसम्म कैद र दश हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिवाना गर्ने कानुनी व्यवस्था रहेको अधिवक्ता हेमन्त झा बताउँछन् ।

# मधेश प्रदेश सरकारले सञ्चारमैत्री कार्ययोजना बनाउँदै



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री राजकुमार लेखीले आमसञ्चार माध्यमको विकासका लागि कार्यायोजनाका साथ काम गर्ने बताएका छन् ।

जनकपुरधाममा सोमबार सञ्चारकर्मीसँग छलफल गर्दै मन्त्री लेखीले प्रदेश सरकार सञ्चारमाध्यम तथा सञ्चारकर्मीमैत्री नभएको गुनासो अन्त्य गर्न तत्काल कार्ययोजना बनाइ काम गर्ने बताए ।

"हिजोका दिनमा के भयो र कसले के गरे, के गरेनन् भन्नेतर्फ म जान चाहन्न तर म नेतृत्वमा आएपछि सञ्चारकर्मी र सञ्चारसम्बद्ध संस्थाबारे गम्भीर छु । विभिन्न तहमा छलफल सुरु गरेको छु", मन्त्री लेखीले भने, "सञ्चारजगत्लाई मर्यादित र सम्मानित बनाउन आजैका मितिदेखि काम गर्छु । मन्त्रालयका अधिकारीसँग बसेर कार्ययोजना बनाउने मेरो योजना छ । त्यसमा तपाईंहरूबाट पनि सल्लाह, सुझाव लिनेछु ।"

> "हिजोका दिनमा के भयो र कसले के गरे, के गरेनन् भन्नेतर्फ म जान चाहन्न तर म नेतृत्वमा आएपछि सञ्चारकर्मी र सञ्चारसम्बद्ध संस्थाबारे गम्भीर छु । विभिन्न तहमा छलफल सुरु गरेको छु", मन्त्री लेखीले भने, "सञ्चारजगत्लाई मर्यादित र सम्मानित बनाउन आजैका मितिदेखि काम गर्छु । मन्त्रालयका अधिकारीसंग बसेर कार्ययोजना बनाउने मेरो योजना छ । त्यसमा तपाईंहरुबाट पनि सल्लाह, सुझाव लिनेछु ।"

मन्त्री लेखीले लोककल्याणकारी विज्ञापन, सञ्चारकर्मीको पेशागत तथा भौतिक सुरक्षाका लागि समन्वय, सूचनामा सहज पहुँचका लागि 'सूचना डेस्क', र मन्त्रिपरिषद्का निर्णय सार्वजनिक गर्ने परिपाटी बसाउन पहल गर्ने बताए ।

कार्यक्रममा सञ्चारकर्मीले सङ्घीयता ल्याउन भएका आन्दोलन र परिवर्तनमा महत्वपूर्ण भूमिका खेलेका स्थानीय सञ्चारमाध्यमलाई प्रदेश सरकारले उपेक्षा गरेको गुनासो गरेका थिए । प्रदेश सरकारका निकायले सूचना लुकाउने, मन्त्रिपरिषद्कै निर्णय सार्वजनिक नगर्ने, मिडियालाई कमजोर बनाउने, स्थानीय मिडियालाई प्रवर्द्धन गर्ने ठोस् योजना नल्याउने र लोककल्याणकारी समानुपातिक विज्ञापनलाई व्यवस्थित बनाउनमा ध्यान नदिनेजस्ता कारणले समस्या भएको सञ्चारकर्मीको गुनासो थियो ।

त्यस क्रममा नेपाल पत्रकार महासङ्घ मधेश प्रदेशका अध्यक्ष राजेश कर्णले प्रदेश सरकार सञ्चारमाध्यम र सञ्चारकर्मीमैत्री नभएको बताए । "गएको एक वर्षमा १३ जना पत्रकारमाथि आक्रमण, धम्की र कुटपिट भएका छन् । विज्ञापन र अन्य स्रोतको अभावमा मिडिया हाउस बन्द हुने र पत्रकारहरू बेरोजगार बन्ने अवस्था आइसकेको छ ।", अध्यक्ष कर्णले भने, "धेरै साथी समस्यामा छन् । केही गम्भीर रोगसँग लड्दैछन् । केहीले उपचार अभावमा ज्यान गुमाइसके तर सरकारले समस्या समाधानको ठोस नीति लागू गरेको छैन । विगतमा स्वास्थ्य बीमा, पत्रकारको उपचारका लागि ५० हजार दिने घोषणा कार्यान्वयन भएन ।"

पत्रकार महासङ्घ धनुषाका अध्यक्ष मनिका झा, पत्रकारहरू श्यामसुन्दर शशी, टीकाराम सुनार, धर्वेन्द्र झालगायतले प्रदेश सरकारलाई मिडियामैत्री बनाउन नयाँ भूमिकामा आएका मन्त्री लेखीले समन्वयकारी भूमिका निर्वाह गर्ने अपेक्षा व्यक्त गरे ।

# झिलिमिली नगराइन नगर

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको नगराईन नगरपालिका क्षेत्र अवस्थित जनकपुरधाम-जटही सिक्सलेन सडकखण्ड बीचमा भएको विद्युतिकरणले रातिमा झिलिमिली देखिदा स्थानीयवासी हर्षित भएका छन् । नगराईन नगर क्षेत्रको प्रत्येक वडालाई विद्युतिकरण गर्ने योजनामा फड्को मारेको छ ।



विद्युतिकरण योजना अन्तर्गत नगराइन नगरको सीमा क्षेत्रमा पर्ने जनकपुरधाम-जटही सिक्सलेन सडक खण्डमा बिजुली जडान गरिएको छ ।

नगराइन नगरपालिकाले जटहीदेखि गगुंली पुलसम्म विद्युतिय पोल लगाएर बिजुली जडान गरिएको छ । नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रामगुलाम कर्णले नगराइन नगरपालिकाको सीमा क्षेत्रमा जटहीदेखि गंगुली पुलसम्म ३९५ वटा पोल गाडेर सिक्सलेन सडकमा विद्युतिकरण गरिएको जनाए ।

उनले जनाए अनुसार सिक्सलेन सडकखण्डमा जडान गरिएको सबै ३९५ वटा पोलको दुवैतर्फ ५०-५० वाट् गरी एक सय वाट्को बल्ब जडान गरिएको छ ।

अधिकांश पोलहरूमा बल्ब जडान भएर परीक्षणसमेत भएको बताउँदै प्रमुख प्रशासकीय अधिकृत कर्णले चैतको अन्त्यबाट नियमित रूपमा कार्यान्वयनमा आउने बताए ।

जनकपुरधाम-जटही सिक्सलेन सडकखण्ड अन्तर्गत विद्युतिकरण गर्न नगराइन नगरपालिकाले २ करोड रूपैयाँ मूल्य बराबरको ई-बिडिंग गरेकोमा एमएस इलेक्ट्रोनिक्स एन्ड इलेक्ट्रिकल कम्पनी बुटवलसँग १ करोड ४८ लाख रुपैयाँमा सम्झौता भएको नगराइन नगरपालिकाले जनाएको छ ।

नगरपालिकाले सिक्सलेन सडकको बिजुलीका लागि छुट्टै ट्रान्सफर्मरको व्यवस्थापन गरिदिन नेपाल विद्युत प्राधिकरण वितरण केन्द्र जनकपुरधामसँग अनुरोध गरेको छ । सेन्सरजडित ट्रान्सफर्मर नगराईन चोकमा जडान हुनेछ । सेन्सर भएकाले दिनको समयमा विद्युत आपूर्ति आफैं बन्द हुने प्रमुख प्रशासकीय अधिकृत कर्णको भनाइ छ ।

सिक्सलेन सडकका साथै पालिकाले प्रत्येक वडामा विद्युतिकरण योजनालाई अगाडि बढाएको छ । योजनाअन्तर्गत प्रत्येक वडामा ९ देखि १३ वटा हाइमास्क लाइट जडान गरिने प्रमुख प्रशासकीय अधिकृत कर्णले बताए । कुल ९ वटा रहेकोमा क्षेत्रफल र जनघनत्वअनुसार प्रत्येक वडामा ९ देखि १३ वटा टावरलाइट जडान गर्ने कार्य पनि अघि बढेको उनले बताए ।

९ वटा वडामा १०१ हाइमास्क लाइट जडान गर्न १ करोड ४७ लाख रूपैयाँमा एमएस इलेक्ट्रोनिक्स एण्ड इलेक्ट्रिकल कम्पनीसँग सम्झौता भएको छ । २ करोडको इ-बिडिङ भएकोमा एमएस इलेक्ट्रोनिक्स एण्ड इलेक्ट्रिकल कम्पनीले १ करोड ४७ लाख रुपैयाँमा सम्झौता गरेको नगराइन नगरपालिकाले जनाएको छ ।

# चैते धान उत्पादन क्षेत्रमा वृद्धि

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषामा चैते धानको उत्पादन क्षेत्र वर्षेनी वृद्धि हुँदै गएको छ । सिँचाइ व्यवस्था तथा स्थानीय तहले अनुदानमा धानको बिउ उपलब्ध गराउन थालेपछि चैते धानको उत्पादन क्षेत्र बढ्दै गएको छ ।



मिथिला नगरपालिकाका कृषि प्राविधिक उमेश महतोले जिल्लामा पछिल्लो दुई/तीन वर्षयता चैते धान उत्पादन गर्ने किसानको संख्या बढ्दै गएको बताए । वर्षे धानको तुलनामा धेरै फल्ने, रोग र किरा कम लाग्ने भएकाले किसानले चैते धान बालीलालाई प्राथमिकता दिन थालेको उनको बुझाइ छ ।

जिल्लाका सबै ठाउँमा सिँचाइ व्यवस्था र किसानलाई सहुलियतमा बिउ उपलब्ध गराउन सकियो भने चैते धान खेती धेरै बढ्ने विश्वास कृषि प्राविधिक महतोको छ । पहिला-पहिला खोलाबाट कुलोमार्फत सिँचाइ पुगेको स्थानमा मात्र चैते धान खेती गरिन्थ्यो भने अहिले डिप ट्युबवेलबाट सिँचाइ सुविधा पुगेको ठाउँमा पनि यो खेती गर्न थालिएको उनले बताए ।

चैते धान उत्पादनका लागि उर्वरभूमि मानिएको जिल्लाको उत्तरी क्षेत्र मिथिला नगरपालिका-११ तुलसीमा समेत यसपाली दोब्बर क्षेत्रफलमा चैते धान रोपिएको छ । फागुन महिनाको अन्तिम सातादेखि रोपाइँ सुरु गरेका यहाँका किसानले चैत महिनाको तेस्रो सातामै चैते धान रोपाइँ सम्पन्न गरेका छन् ।

रातु नदीबाट कुलोमार्फत यहाँका किसानले चैते धान समयमै रोपी सिध्याएको स्थानीय किसान प्रेमबहादुर कार्कीले बताए । सिँचाइको पर्याप्त सुविधा नभए पनि बाह्रै महिना पानी बगिरहने रातु नदीबाट कुलोमार्फत चुरे, बाहुनमारा, बिस्मवरमा चैते धान रोपिएको उनले जानकारी दिए ।

कृषि ज्ञान केन्द्र धनुषाका सूचना अधिकारी प्रदीपकुमार यादवले जिल्लामा चैते धान खेतीको क्षेत्रफल बढेको बताए । विगतको तुलनामा दुई सय हेक्टर जमिनमा चैते धानको खेती विस्तार भएको उनले जानकारी दिए । कृषि ज्ञान केन्द्र धनुषाको तथ्याङ्क अनुसार विगतमा पाँच सय हेक्टरमा हुँदै आएको चैते धान खेती बढेर सात सय हेक्टर पुगेको सूचना अधिकारी यादवको भनाइ छ ।

चैते धान खेतीका लागि जिल्लाको उत्तरी क्षेत्र मिथिला, बटेश्वर, धनुषाधाम, गणेशमान चारनाथ, क्षीरेश्वर नगरपालिका उपयुक्त स्थान रहेको बताउँदै उनले सिँचाइ सुविधा पुगेको दक्षिणी भेगमा पनि कतैकतै मात्र यो खेती गर्ने गरिएको जानकारी दिए । कतिपय स्थानमा चैते धान रोपाइँ जारी रहेको र रोप्ने समय अझै बाँकी रहेकाले अहिलेसम्म कति हेक्टरमा चैते धान रोपियो भने आधिकारिकरुपमा ठ्याक्कै भन्न नसकिने सूचना अधिकारी यादवले बताए ।

यस्तै, मिथिला नगरपालिकाका कृषि शाखा प्रमुख सञ्जयकुमार महताले पालिकाको चुरे, बाहुनमारा र विस्मरमा गरी करिब २० हेक्टर क्षेत्रफलमा चैते धान रोपिएको बताए । उनले अघिल्लो वर्षहरुको तुलनामा यसपाली बढी क्षेत्रफलमा चैते धान रोपिएको जानकारी दिए । उनले भने, "अघिल्लो वर्ष १० देखि १२ हेक्टर क्षेत्रफलमा चैते धान खेती गरिएको थियो । चैते धान खेतीमा वृद्धि ल्याउन नगरपालिकाले ५० प्रतिशत अनुदानमा उन्नतजातको बीउ उपलब्ध गराउँदै आएको छ ।"

# प्राथमिक स्वास्थ्य केन्द्रमा रेविज खोप अभाव

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीमा कुकुरले टोक्दा लगाउने रेविज विरुद्धको खोप सधैं अभाव हुने गरेको छ । महिना दिनको लागि भनेर पाएको खोप हप्तादेखि दुई हप्ताभित्रमा सकिने गरेको स्थानीय स्वास्थ्य संस्थाले जनाएका छन् ।

मागअनुसार खोप नआएका कारण सधैं अभाव हुने गरेको लालबन्दीस्थित नगर अस्पतालका डा राम विश्वास रायले जानकारी दिए । कुकुरले टोक्दा लगाउने एन्टिरेविज विरुद्धको खोप प्रदेशस्थित स्वास्थ्य आपूर्ति व्यवस्था केन्द्र मधेश प्रदेश जनकपुरधामले वितरण गर्ने गरेको छ ।

जिल्लामा साविक पाँच वटा प्राथमिक स्वाथ्य केन्द्रमध्ये चार वटा बलरा, लालबन्दी, बरहथवा र हरिपुरबाट सेवा प्रवाह हुँदै आएको छ । यसमा थप सासापुर स्वास्थ्य चौकी हरिवन र प्रादेशिक अस्पताल मलङ्गवाबाट पनि सेवा प्रदान हुने गरेको अस्पतालको मेडिकल सुपरिटेण्डेन्ट डा नवलकिशोर झाले जानकारी दिए ।

सेवा सञ्चालन भइरहेका जिल्लाका उत्तरी क्षेत्रका लालबन्दी, हरिपुर प्राथमिक स्वास्थ्य केन्द्र र सासापुर स्वास्थ्य चौकीमा हरेक महिना औषधि अभाव हुने गरेको छ । सासापुर स्वास्थ्य चौकी हरिवनमा मासिक २५ देखि ४० भाइल मात्र खोप आउने गरेको छ । तर, माग सय भाइल रहेको स्वास्थ्य संयोजक रामबाबु चौधरीले जानकारी दिए ।

"यहाँ माग सय भाइलसम्म हुने गरेको छ ।" उनले भने, "कुकुर, बिरालो, बाँदर, स्याललगायतका जनावरले टोकेका बिरामी धेरै आउँछन् । तर, औषधि मुस्किलले हप्तादेखि दुई हप्तालाई मात्र पुग्छ ।" आफूहरुले प्रदेशस्थित स्वास्थ्य आपूर्ति व्यवस्था केन्द्रमा माग पत्र बुझाएको उनले बताए ।

प्राथमिक स्वास्थ्य केन्द्र लालबन्दी र हरिपुरमा पनि खोप सकिएको चिकित्सकहरुले बताएका छन् । यस महिनाको लागि आएको ४० भाइल खोप गत १५ गतेअघि नै सकिएको लालबन्दी नगर अस्पताका डा रायले जानकारी दिए । रेविज विरुद्धको खोप लगाउन आउनेलाई अन्यत्र पठाउने गरीएको उनको भनाइ थियो ।

खोपका लागि मासिक सय जना बिरामी आउने गरेको र औषधिको कोटा थोरै हुँदा समस्या भएको हरिपुर नगरपालिका स्वास्थ्य शाखा संयोजक अनिलकुमार चौधरीले जानकारी दिए । "अहिले हामीसँग खोप छैन ।" उनले भने, "सधैं यस्तो त हुन्न तर, पनि औषधि पर्याप्त छैन । सधैं नपुग नै हुन्छ ।"

रेविजविरूद्धको खोप सरकारले निःशुल्क रूपमा प्रदान गर्ने गर्दछ । तर, पनि स्थानीय स्वास्थ्य संस्थाले व्यवस्थापन खर्चका लागि भनेर एक मात्राको सय रुपैयाँसम्म लिने गरेका छन् । त्यो पनि नपाउँदा स्थानीय चर्को मूल्यमा निजी क्लीनिकबाट किनेर प्रयोग गर्न बाध्य छन् ।

रेविज विरुद्धको खोप बजारमा प्रति भाइल दुई हजार पाँचदेखि तीन हजारसम्म पर्ने गरेको छ । यसरी सरकारले अनुदानमा निःशुल्क दिने भनेको रेविज विरुद्धको खोपसमेत अभावमा बजारमा गएर किनेर लगाउनुपर्दा विपन्न नागरिकलाई मर्का परेको हरिवन नगरपालिकाकी रीता सापकोटाले बताए ।

यता प्रादेशिक अस्पताल मलङ्गवामा प्रत्येक महिना तीन सय भाइल हाराहारीमा खोप आउने गरेको छ । अस्पतालका मेसु डा नवलकिसोर झाले औषधि पर्याप्त रहेको बताए । प्रदेशबाट कुनै रोकतोक विना खोप दिने गरेको उनको भनाइ छ । प्रयोग विवरण स्पष्ट बुझाउनुपर्ने उनको दाबी छ ।

कुकरले टोके एक व्यक्तिले यो खोप २८ दिनभित्रमा तीनदेखि पाँच पटकसम्म लगाउनुपर्छ ।

# जरिवानाबाट डेढ करोड राजस्व

**टुडे समाचारदाता**

वीरगञ्ज । जिल्ला ट्राफिक प्रहरी कार्यालय पर्साले चालु आर्थिक वर्षको आठ महिनाको अवधिमा सवारी साधनको जरिवाना वापत डेढ करोडभन्दा धेरै राजस्व संकलन गरेको छ ।

कार्यालयले साउनदेखि फागुन मसान्तसम्मको अवधिमा ट्राफिक नियम उल्लंघन गरेका १५ हजार पाँच सय ९१ सवारीसाधनबाट सो राजस्व संकलन गरेको छ । जिल्ला ट्राफिक प्रहरी कार्यालय पर्साका प्रमुख भाष्कर खतिवडाले आठ महिनाको अवधिमा ट्राफिक नियम उल्लंघन गर्ने सवारीसाधनबाट एक करोड ५७ लाख ६९ हजार छ सय छ रकम राजस्व संकलन गरेको बताए ।

"गत आवको तुलनामा चालु आवको आठ महिनामा जरिवानावापतको राजस्वको रकम केही घटेको छ", उनले भने, "अहिले नयाँ टिभिआरएस सिस्टम लागू गरेका छौं । विगतमा अधिकतम जरिवानाबाट सुरुवात गर्ने गरिन्थ्यो । तर,अहिले न्यूनतमबाट जरिवाना गर्दा केही राजस्व घटेको हो ।" ट्राफिक प्रहरीले जनचेतनाको कार्यक्रमलाई तीव्रता दिँदा पनि ट्राफिक नियम उल्लंघन गर्ने सवारीचालकको संख्यामा केही कमी आएको उनको भनाइ छ ।

कार्यालयका अनुसार ट्राफिक नियम उल्लंघन गर्ने ट्रकको संख्या छ हजार चार सय २५ रहेको छ । ट्रकबाट ८८ लाख १९ हजार दुई राजस्व संकलन भएको छ । कार्यालयले ट्राफिक नियम उल्लंघन गर्ने एक सय ३२ बस कारबाहीमा परेका छन् । कारबाहीमा पर्ने बसबाट एक लाख ३० हजार पाँच सय राजस्व संकलन भएको छ । त्यस्तै गरी ट्राफिक नियम उल्लंघन गर्ने कार/जीप/भ्यानको संख्या एक हजार तीन सय २४ जना रहेको छ ।

ती सवारीसाधनबाट १२ लाख दुई हजार पाँच सय पाँच रकम राजस्व संकलन भएको छ । त्यस्तै गरी ट्राफिक नियम उल्लंघन गर्ने दुई पाङ्ग्रे सवारीसाधनको संख्या सात हजार १२ रहेको छ । ती सवारीसाधनबाट ४९ लाख ८० हजार ५९ रकम राजस्व संकलन भएको छ । कार्यालयले गत आव भरिमा भने ट्राफिक नियम उल्लंघन गर्ने ३५ हजार पाँच सय ३४ सवारीसाधनलाई कारबाही गरेर तीन करोड ४२ लाख ६५ हजार रकम राजस्व संकलन गरेको थियो ।

# होटल तथा पर्यटन व्यवसायी महासंघको अध्यक्षमा गौतम

**टुडे समाचारदाता**

जनकपुरधाम । होटल तथा पर्यटन व्यवसायी महासंघ मधेश प्रदेशको अध्यक्ष पदमा हिरालाल गौतम तेस्रो पटक सर्वसम्मत चयन भएका छन् ।

सोमबार जनकपुरमा सम्पन्न होटल तथा पर्यटन व्यवसायी महासंघको दोस्रो अधिवेशनबाट उनी सर्वसम्मतबाट अध्यक्ष पदमा चयन भएका छन् ।



धनुषाको लालगढ र महोत्तरीको बर्दिबासस्थित गौतम होटलका सञ्चालक समेत रहेका गौतम मधेश प्रदेशमा रहेका होटल तथा पर्यटन क्षेत्र पहिचान गरी प्रवर्द्धन गर्दै आएका छन् ।

महासंघको अन्य पदाधिकारीमा विष्णुकुमार साह वरिष्ठ उपाध्यक्ष, सुरेन्द्रकुमार भण्डारी उपाध्यक्ष, वैकुण्ठ सापकोटा महासचिव, दानबहादुर थापा कोषाध्यक्ष, तबरेज आलम सचिव, शिवराम राउत सहसचिव, गोविन्द गहतराज सहकोषाध्यक्ष र सदस्यमा रामचन्द्र साहलगायतका सदस्यहरू चयन भएका छन् ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८